# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३९ | काठमाडौं | सोमबार, १८ जेठ २०८३ | Prabhab National Daily | Monday, 1 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# भारतसँगको सीमाबारे प्रधानमन्त्रीको ‘गैरजिम्मेवार’ अभिव्यक्ति

## माफी माग्न चौतर्फी दबाब, सदनदेखि सडकसम्म विरोध

■ प्रभाव संवाददाता

**काठमाडौं–** निरन्तर संसद् छल्दै आएका प्रधानमन्त्री वालेन्द्र शाह आइतबारको प्रतिनिधिसभा बैठकमा उपस्थित भए । सभामुखले बैठक प्रारम्भ गर्नासाथ उनले एकाएक बोल्नका लागि समय मागे । जबकि, आइतबारको बैठकमा प्रधानमन्त्रीले बोल्ने कार्यसूची थिएन ।

प्रधानमन्त्रीले बोल्ने र जवाफ दिने विषयमा विगतमा तयारी हुन्थ्यो । एक्कासि प्रधानमन्त्री शाहले अरु सांसदलेझैं गरी हात उठाएर बोल्न समय मागेपछि सभामुख डोलप्रसाद अर्याल अकमक्क परे । उनले प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श शाखाका प्रमुख एकराम गिरीसँग सल्लाह लिए । अनि प्रधानमन्त्री शाहलाई रोस्ट्रम प्रयोग गर्न अनुमति दिए ।

प्रधानमन्त्रीले विपक्षी दलका सांसदहरूले आफूलाई लामो समयदेखि प्रश्न गर्न चाहेकोले जवाफ दिन उभिएको बताएपछि तयारीविना उपस्थित भएका प्रतिपक्षी पनि एकछिन अलमल परे । नियमावलीभन्दा बाहिर गएको भन्दै प्रतिपक्षी दलहरूले विरोध गर्न थाले । तर कांग्रेसका सांसद अर्जुननरसिंह केसीले ‘वालेन्द्र शैली’को प्रशंसा गरेपछि प्रश्नोत्तर कार्यक्रम अघि बढ्यो । एमाले संसदीय दलकी उपनेता पद्म अर्यालले लिपुलेक प्रयोगमा नेपाललाई चीन र भारतले कुनै सल्लाह नलिएको बारे प्रश्न गरिन् ।

यस प्रश्नमा प्रधानमन्त्री शाहले लिपुलेक र लिम्पियाधुराको विषयमा बेलायतसमेत सरोकारवाला भएको बताए । ‘जवाफमा दुवै देशले इतिहासविद् र सर्भेयिर राखेर टेबल टक गर्ने कुरा भएको छ । यस सम्बन्धमा हामीले भारत र चीनमात्र नभएर बेलायत सरकारसँग पनि कुरा गरेका छौं । ब्रिटिस इण्डिया छाड्दाखेरिको बेलायतले पनि सरोकार राख्नुपर्छ । यो सबै टेबल टक गरेर



आइतबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले राखेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री वालेन्द्र शाह । *तस्बिरः रासस*

डिप्लोमेटिक हिसाबले टुंग्याउने जानकारी गराउने कुरा हो,’ प्रधानमन्त्री शाहले भने ।

केही पछि श्रम संस्कृति पार्टीका सांसद आरेन राईले यही विषयमा पुनः प्रश्न गर्दै सोधे, ‘कालापानी, लिपुलेक, लिम्पियाधुराको समस्या निकै लामो समयदेखि चल्दै आएको छ । अन्य सीमामा पनि धेरै समस्या छन् । त्यो सीमामा सरकार छ भनेर नागरिकले कहिले अनुभूति गर्न पाउँछन् ?’

राईको प्रश्नमा प्रधानमन्त्री शाहले नेपालले पनि भारतको भूमि मिचेको बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

### छ जना सीमाविद्को माग
## प्रधानमन्त्रीले क्षमायाचना गर्नुपर्छ

प्रधानमन्त्री वालेन्द्र शाहले आइतबारको प्रतिनिधिसभा बैठकमा दिएको सीमासम्बन्धी अभिव्यक्तिलाई लिएर सीमाविद् र विज्ञहरूले आपत्ति जनाएका छन् । सीमाविद् बुद्धिनारायण श्रेष्ठ, प्रा.डा. पीताम्बर शर्मा, प्रा.डा. नरेन्द्र खनाल, डा. जगत भुसाल, अन्तर्राष्ट्रिय सीमाविद् प्रभाकर शर्मा र डा. द्वारिकानाथ ढुंगेलले प्रधानमन्त्रीको भनाइप्रति आश्चर्य व्यक्त गरेका छन् ।

‘आजसम्म नेपालले भारतको सीमा मिचेको कुरा कुनै पनि आधिकारिक निकायबाट सुनिएको थिएन । नेपाल-भारत संयुक्त सीमा आयोगले ९८ प्रतिशत काम सम्पन्न गरिसक्दा पनि कतैबाट नेपालले...

⏭ क्रमशः पृष्ठ २ मा

तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गामात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।

**■ वालेन्द्र शाह**
प्रधानमन्त्री

नेपालले भारतको भूमि कतै पनि अतिक्रमण गरेको छैन । मिचेको पनि छैन । प्रधानमन्त्रीले संसद्मा गलत बोल्नुभयो ।

**■ बुद्धिनारायण श्रेष्ठ**
सीमाविद्

नेपालले पनि भारतको सीमा मिचेको छ भन्ने प्रधानमन्त्रीले सदनमा दिएको अभिव्यक्ति अति नै असामान्य र गम्भीर छ । दुई देशबीचमा तेस्रो देशको उपस्थितिको आह्वान अझै चिन्ताजनक छ ।

**■ भीमार्जुन आचार्य**
संविधानविद्

प्रधानमन्त्रीले प्रतिनिधिसभा बैठकमा बोल्दै नेपालले पनि भारतको भूमि मिचेको छ भनी दिएको अभिव्यक्ति सतप्रतिशत गलत, राष्ट्रघाती, गैरजिम्मेवार र घातक छ । प्रधानमन्त्रीले तत्काल नेपाली जनता र संसद्सामु माफी माग्नुपर्छ ।

**■ नारायणकाजी श्रेष्ठ**
पूर्वपरराष्ट्रमन्त्री

# प्रतिपक्षको अवरोधबीच विवादित प्रतिनिधिसभा नियमावली पारित



- ⏭ विपक्षी दलहरूले संविधान मिच्नेगरी संशोधन गरिएको प्रतिनिधिसभा नियमावलीको मस्यौता प्रतिवेदन खारेजको माग गरे पनि बहुमतले पारित भयो
- ⏭ नियमावली पारित हुँदा रास्वपा सभापति रवि लामिछानेलाई हाइसञ्चो
- ⏭ संसद्मा अवरोधबीच पारित नियमावली अब विशेष कानुनको हैसियतमा रहने

■ जेबी योञ्जन

**काठमाडौं–** सम्पत्ति शुद्धीकरण मुद्दाका विपक्षी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई निलम्बन हुनबाट जोगाउनेगरी संशोधन गरिएको विवादित ‘प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन २०८३’ आइतबार प्रतिनिधिसभा बैठकको बहुमतले पारित गरेको छ । विपक्षी दलका सांसदहरूको अवरोधबीच समिति सभापति गणेश पराजुलीले प्रस्तुत गरेको प्रस्ताव सभामुख डोलप्रसाद अर्यालले बहुमतबाट प्रतिवेदन पारित भएको घोषणा गरे ।

प्रस्ताव पारित भएसँगै प्रतिनिधिसभा नियमावली २०८३ ‘विशेष कानुन’को हैसियत ग्रहण गरेको छ । प्रमुख प्रतिपक्षीसँगै अन्य विपक्षी दलहरूको असहमति नियमावलीलाई विशेष कानुनको मान्यता दिन नसकिने भन्ने थियो । सभामुखलाई अस्वाभाविक अधिकार दिने र अदालतको न्यायिक पुनरावलोकनको अधिकार सीमित हुनेगरी संशोधन गरिएको नियमावलीको विरोध गरेका थिए ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र अन्य विपक्षी दलहरू नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले नियमावलीका यी प्रावधान संविधानको मर्मविपरीत रहेको भन्दै आपत्ति जनाएका थिए । विशेषगरी संशोधित नियमावलीको नियम २५९, २६० र २६१ लाई लिएर विपक्षी दलहरूले गम्भीर प्रश्न उठाएका हुन् ।

नियम २५९ मा ‘प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुने’ भन्ने उल्लेख छ । नियम २६० मा छ, ‘यस नियमावलीको व्याख्या गर्ने अधिकार सभामुखलाई हुने छ र निजको निर्णय अन्तिम हुने छ ।’ यस्तै, नियम २६१ मा ‘अदालतमा प्रश्न उठाउन नपाइने’ भन्ने व्यवस्था छ ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पारित भएको प्रतिनिधिसभा नियमावलीको संशोधित प्रावधानहरू संविधानविपरीत भएको तर्क गरे । संविधानको धारा १०३ (६) उद्धृत गर्दै उनले संसद् सदस्यलाई सीमित संरक्षण भए पनि फौजदारी अभियोगमा कानुनी कारबाहीबाट उन्मुक्ति नदिएको स्पष्ट पारे ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# रोजगारीको प्रलोभनमा भारत लगिएका ४५३ नेपालीको उद्धार

- उत्तर प्रदेशको कुशीनगर जिल्लाबाट उद्धार
- रोजगारीको प्रलोभन देखाएर शारीरिक र मानसिक यातना दिँदै नेटवर्किङ व्यवसायमा लगाइएको खुलासा
- भारतस्थित नेपाली दूतावासको सहयोगमा नेपाल ल्याइयो

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीको प्रलोभनमा भारतमा लगिएका ४५३ जना नेपालीलाई उत्तर प्रदेशको कुशीनगर जिल्लाबाट उद्धार गरिएको छ । सीमापारी रोजगारीको प्रलोभन देखाएर शारीरिक र मानसिक यातना दिँदै नेटवर्किङ व्यवसायमा लगाइएका उनीहरूलाई भारतस्थित नेपाली दूतावासको सहयोगमा नेपाल ल्याइएको हो ।

उद्धार गरिएका नेपालीहरू २० देखि ४० वर्ष उमेर समूहका भएको द इण्डियन एक्सप्रेसले जनाएको छ । श्रमिक भर्ती गर्ने भनिएको सञ्जाल तीन महिनादेखि कुशीनगरमा भाडामा लिएको भवनबाट सञ्चाालन हुँदै आएको भनिएको छ । पीडितहरूलाई फेसन डिजाइन, नेटवर्क मार्केटिङजस्ता क्षेत्रमा तालिम दिने र भारतमा धेरै तलब हुने रोजगार प्रदान गर्ने वाचा गरिएको बताइएको छ । पीडितहरूलाई नेपालबाट थप तीनदेखि पाँच जना बेरोजगार ल्याउन भन्ने गरिएकाले विभिन्न क्षेत्रमा रहेका साढे ४०० भन्दा बढी गिरोहको फन्दामा परेको उल्लेख गरिएको छ ।

समाचारका अनुसार उद्धार भएकामा ११५ जना महिला र ३३८ जना पुरुष छन् । गिरोहले पीडितलाई २५ हजार भारुसम्मको रोजगारी दिइने भनेर रजिस्ट्रेसन शुल्क, सीप विकास तालिमलगायतका शीर्षकमा सात हजारदेखि एक लाख रूपैयाँसम्म लिएको पाइएको छ । तर श्रमिकहरूले आफूलाई दिने भनिएको रोजगारी नपाएपछि र नेपाल फर्कने इच्छा व्यक्त गर्न थालेपछि विभिन्न बहाना बनाएर अवैधानिकरूपमा राखिएको बताएका छन् ।

केही पीडितले नेपालमा रहेका आफ्नो परिवारलाई आफ्नो समस्याको विषयमा जानकारी गराउने र सामाजिक सञ्जालमा पोस्ट गर्न थालेपछि उनीहरूलाई लगाइएको कामको बारेमा उजागर भएको जनाइएको छ । उक्त सूचना नयाँ दिल्लीस्थित नेपाली दूतावासमा पुगेपछि कूटनीतिक हस्तक्षेप सुरु भएको उल्लेख गरिएको छ । त्यसपछि कुशीनगरमा रहेका पीडितहरूलाई उत्तर प्रदेश प्रहरी तथा सामाजिक संस्था किन इण्डियाको सहयोगमा ट्रेस गर्ने तथा उद्धार गर्ने अपरेसन सुरु गरेको थियो । प्रहरीले कुशीनगरको कस्यानगर भन्ने स्थानमा पीडितहरू बस्दै आएका भाडाको आवासमा उद्धार अपरेसन सञ्चालन गरेर श्रमिकलाई सुरक्षा प्रदान गरेको जनाइएको छ । पीडित नेपालीलाई आठवटा बसमा राखेर दूतावासको सहायतामा सुनौली सीमा नाका हुँदै शनिबार ल्याइएको छ ।

साथै, आइतबार प्रहरीले गिरोहका नौ जना संदिग्ध सदस्यविरुद्ध मुद्दा दर्ता गरेको छ । उनीहरूमाथि ठगी र अन्य अपराधको आरोप लगाइएको छ । यस्तो कार्यमा नेपालीहरू नै संलग्न भएको भेटिएको छ । पक्राउ परेका नौ आरोपितमध्ये सात जना नेपाली छन् । गिरोहको सञ्जाल विशेषगरी नेपालीमात्र बुझ्ने गरिब नेपाली नागरिकलाई भर्ती गर्न केन्द्रित थियो । जसले उनीहरूलाई भ्रमित र नियन्त्रण गर्न सजिलो बनाएको द इण्डियन एक्सप्रेसले जनाएको छ ।

भारतमा साढे सात लाखभन्दा बढी नेपाली रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांक छ । खुला सिमाना भएकै कारण मुलुकमा रोजगारी नपाएका र आर्थिक अवस्थाका कारण खाडीलगायतका मुलुक जान नसक्नेहरू भारतको रोजगारीमा निर्भर हुँदै आएका छन् । त्यहाँ पाँच लाख ५४ हजारभन्दा बढी नेपाली श्रमिक रोजगारीमा संलग्न रहेको बताइन्छ । रोजगारी खोज्दै भारत जानेहरू बढीजसो सुदूरपश्चिम र त्यसपछि लुम्बिनी प्रदेशका छन् । अधिकांश नेपालीहरू मौसमी कामदारका रूपमा भारत जाने गरेको पाइन्छ । उनीहरू विशेषगरी अदक्ष श्रमिकका रूपमा घरेलु कामदार, सुरक्षा गार्ड, लेबर, हेल्परजस्ता काम गर्ने गर्छन् ।

**राप्रपा विवाद**

# तीन पूर्वअध्यक्षको विज्ञप्तिपछि राणाले सारे भेला



- ⏭ पार्टीलाई विभाजनबाट रोक्नुपर्ने र पार्टीभित्रका समस्या संवादको माध्यमबाट हल गर्नुपर्नेमा तीन पूर्वअध्यक्षहरु पशुपतिशमशेर राणा, कमल थापा र प्रकाशचन्द्र लोहनीको जोड
- ⏭ राणानिकट एक पूर्वपदाधिकारीले भने- तीन अध्यक्षको विज्ञप्तिले हाम्रा कतिपय साथीहरु रोकिनेजस्तो देखियो, त्यसैले चार-पाँच दिन हामी थप छलफल गर्ने छौं ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का महामन्त्री डा. धवलशमशेर राणाले आजका लागि बोलाएको विशेष भेला स्थगित गरेका छन् । उनले भेला यही जेठको तेस्रो सातासम्मका लागि स्थगित गरेको राणानिकट एक पूर्वपदाधिकारीले बताए ।

भेलालाई राप्रपा विभाजन रेखाको रूपमा हेरिएको छ । राणाले शनिबार नै काठमाडौंको एल्लो प्यागोडामा निकटस्थहरूको भेला बोलाएका थिए । तर, पार्टीका तीन पूर्वअध्यक्षहरू पशुपतिशमशेर राणा, कमल थापा र प्रकाशचन्द्र लोहनीले शनिबार विज्ञप्ति जारी गर्दै पार्टीलाई विभाजनबाट रोक्नुपर्ने र पार्टीभित्रका समस्या संवादको माध्यमबाट हल गर्नुपर्ने बताएका थिए । पार्टी संकटपूर्ण अवस्थामा रहेको भन्दै यस्तोबेला विभाजित हुन नहुने उनीहरूको आग्रह थियो ।

यस्तोमा राणाले पार्टीको आज बोलाइएको भेला स्थगित गरेका हुन् । ती पूर्वपदाधिकारीले भने, ‘तीन अध्यक्षको विज्ञप्तिले हाम्रा कतिपय साथीहरू रोकिनेजस्तो देखियो । त्यसैले चार-पाँच दिन हामी थप छलफल गर्ने छौं । त्यसपछि भेला बोलाएर नयाँ दल खोल्नेतिर कदम बढाउँछौं ।’

राणाले आइतबार विश्वसनीय राष्ट्रवादी शक्ति निर्माण गर्ने उद्देश्यले आगामी बाटो तय गर्ने निश्चित गरेको बताएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## भारतसँगको...

'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गामात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ,' शाहले भने ।

उनको यही अभिव्यक्तिले संसद्देखि सामाजिक सञ्जाल केहीबेरमै तरंगित बन्यो । यसबारे सीमाविद् बुद्धिनारायण श्रेष्ठ पनि चर्चामा छाए । सीमाविद् श्रेष्ठले प्रधानमन्त्री शाहको भनाइमा सत्यता नरहेको बताए । 'नेपालले भारतको भूमि कतै पनि अतिक्रमण गरेको छैन । मिचेको पनि छैन । प्रधानमन्त्रीले गलत बोल्नुभयो,' श्रेष्ठले भने ।

नदी सिमाना भएको क्षेत्रमा भने दुवै पक्षबाट सीमा वरपर जमिन उपयोग हुँदै आएको श्रेष्ठको भनाइ छ । 'कुनै-कुनै भागमा सीमापार दखल भएको छ । यो अनुसार भारतले पनि भारतले पनि दखल गरेको छ । सिर्सिया नदी लगभग सोझोसोझो भएर बगेको थियो । पछि बांगोटिंगो हुँदा दुई-चार कट्ठा दखल गरेको होला । तर मिचेको छैन,' श्रेष्ठले भने, 'शंकरदास वैरागी मुख्यसचिव हुँदा कसरी समाधान गर्न सकिन्छ भन्दा नदीहरूले घुमाउरो पाराले दखल पार्दा दुवैतर्फका प्राविधिकसँग बसेर छलफल गरी तथ्यांक संकलन गरी १८८० किमिमै भोगचलन कति छ र कति मिचे भनेर समाधान निकाल्नुपर्छ भनेका थियौं ।'

संविधानविद् भीमार्जुन आचार्य प्रधानमन्त्री शाहको यस्तो अभिव्यक्ति अति नै गम्भीर भएको बताएका छन् । आचार्यले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'नेपालले पनि भारतको सीमा मिचेको छ भन्ने प्रधानमन्त्रीको सदनमा दिएको अभिव्यक्ति अति नै असामान्य र गम्भीर छ । दुई देशबीचमा तेस्रो देशको उपस्थितिको आह्वान अझै चिन्ताजनक छ ।'

यस्तो अभिव्यक्ति कुनै पनि प्रधानमन्त्रीले अहिलेसम्म नदिएको उल्लेख गर्दै संविधानविद् आचार्यले यसले भारतलाई थप सीमा मिच्न बल दिने तर्क गरे । 'आजसम्मका कुनै पनि प्रधानमन्त्रीले यस्तो अभिव्यक्ति संसद् र संसद्बाहिर दिएको रेकर्ड छैन । यस्तो अभिव्यक्ति कहिल्यै अपेक्षित पनि छैन । यसको सबैभन्दा ठूलो असर नेपाली भूमि जसरी जुन स्तरमा अतिक्रमण भइरहेको छ, त्यसलाई कुनै न कुनै रूपमा फाइदा र वैधता दिलाउनु हो,' आचार्यले भनेका छन् ।

शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला परराष्ट्र सल्लाहकार रहेका अरुण सुवेदीले भने वाम दबाबका कारण विगतमा यो विषय ओझेलमा परेको उल्लेख गर्दै यो साहसले एउटा निचोडमा पुगिने दाबी गरेका छन् । सुवेदीले प्रधानमन्त्री शाहको यो साहसलाई प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले साथ दिनुपर्ने बताएका छन् । 'प्रधानमन्त्रीले क्रस बोर्डर अकुपेसनको कुरा सम्भवतः इतिहासमा नै पहिलोपटक उठाउनुभयो । विगतमा वाम दबदबाले यो विषय ओझेलमा पर्‍यो; साहसका लागि प्रमको प्रशंसा । नेपाली कांग्रेसले यसमा सरकारसँग सहकार्य गर्नुपर्छ । यो समस्या समाधान भए सुस्ता र कालापानीमात्र रहन्छन्,' सुवेदीले भने ।

भारतका नेपालविज्ञ एसडी मुनीले प्रधानमन्त्री शाहको अभिव्यक्तिलाई स्वागत गरेका छन् । मुनीले नेपाल भारतीय भूमि नेपालमा परेको बताएका छन् । 'नदीको बहाव परिवर्तन भएका कारण नेपालीहरू सुस्तामा भारतीय भूमिमाथि बसिरहेका छन्,' उनले भनेका छन् । तर शाहको अभिव्यक्ति प्रतिउत्पादक हुनसक्ने मुनीको टिप्पणी छ । 'यसलाई अन्तर्राष्ट्रियकरण गर्ने उनको प्रयास प्रत्युत्पादक प्रमाणित हुने छ,' उनले सामाजिक सञ्जाल एक्समा भनेका छन् ।

प्रधानमन्त्रीको अभिव्यक्तिको नेपाली कांग्रेस, नेकपा एमालेलगायत दलहरूले विरोध जनाएका छन् ।

### परराष्ट्रले भन्यो- समस्या 'क्रस बोर्डर अकुपेसन' हो

परराष्ट्र मन्त्रालयले नेपाल र भारतबीच सीमा समस्या पुरानै रहेको र प्रधानमन्त्री शाहले उठाउन खोजेको विषय 'क्रस बोर्डर अकुपेसन' भएको जनाएको छ । नेपाल-भारत सीमाबारे प्रधानमन्त्री शाहले संसद्मा व्यक्त गरेको विषयमा उठेको प्रश्नमा परराष्ट्रका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले आइतबार साँझ 'प्रेस नोट' जारी गर्दै यसबारे धारणा सार्वजनिक गरेका हुन् ।

'नेपालको हालको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ । नेपाल भारत सिमानाअन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्सांकन हुन बाँकी रहेको छ । ती स्थानबाहेक अन्य केही स्थानहरूमा क्रस बोर्डर अकुपेसन तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन्,' परराष्ट्रको प्रेस नोटमा भनिएको छ, 'यसै सन्दर्भमा, सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र क्रस बोर्डर अकुपेसन अर्थात् 'सीमा वारपारको जग्गा भोगाधिकार' सँग सम्बन्धित छ । नेपाल-भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा फिक्स्ड बाउण्ड्री प्रिन्सिपल अवलम्बन गरेको कारणले क्रस बोर्डर अकुपेसन भई एक देशका नागरिकले अर्को देशको भूभागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था छ ।'

अतिक्रमण र क्रस बोर्डर अकुपेसनको लगत संकलन जारी रहेको परराष्ट्रले जनाएको छ । 'नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढंगले नक्सांकन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन'को लगत संकलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील छन् । लामो समयदेखि अवरुद्ध रहेको प्राविधिक समितिको काम हाल सीमा क्षेत्रमा क्रियाशील छ र संयुक्तरूपमा लगत संकलन गर्ने कार्य भइरहेको छ,' परराष्ट्रको प्रेस नोटमा भनिएको छ ।

### भारतीय सञ्चारमाध्यममा सनसनी

प्रधानमन्त्री शाहको अभिव्यक्तिले भारतीय सञ्चारमाध्यमले प्रमुख प्राथमिकता दिएर प्रकाशन गरेका छन् । विशेषगरी अनलाइन संस्करणहरूले मुख्य समाचार नै बनाएर यो समाचार प्रकाशन गरेका छन् । नेपालले सात एकडभन्दा बढी भारतीय भूमि मिचेको भन्दै भारतीय सञ्चार माध्यम दैनिक भास्करले आफ्नो अनलाइन संस्करणमा यसबारे समाचार प्रकाशन गरेको छ ।

उक्त समाचारमा नेपालले अतिक्रमण गरेको भूमिको क्षेत्रफलसमेत उल्लेख गरिएको छ । जसअनुसार उत्तराखण्डको जम्पावत जिल्लामा करिब १२.४ एकड, बिहार राज्यको पश्चिमी चम्पारण जिल्लाको लगभग सात हजार १०० एकड, उत्तर प्रदेश राज्यको लखीमपुर खिरी, पिलिपित, बहराइच र श्रावस्तीमा करिब ५०० एकड भूमि नेपालले अतिक्रमण गरेको उक्त समाचारमा दाबी गरिएको छ ।

### जनतासामु माफी माग्न माग

पूर्वपरराष्ट्रमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्रीले प्रतिनिधिसभाको बैठकमा नेपाल-भारत सीमा विवादसम्बन्धी दिएको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् । आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत प्रतिक्रिया दिँदै श्रेष्ठले प्रधानमन्त्रीको भनाइलाई 'सतप्रतिशत गलत, राष्ट्रघाती, गैरजिम्मेवार र घातक' भएको बताएका छन् ।

'प्रधानमन्त्री वालेन्द्र शाहले आज प्रतिनिधिसभाको बैठकमा बोल्दै नेपालले पनि भारतको भूमि मिचेको छ भनी दिएको अभिव्यक्ति सतप्रतिशत गलत, राष्ट्रघाती, गैरजिम्मेवार र घातक छ । आफ्नै देशको प्रधानमन्त्रीले दिएको यसप्रकारको अभिव्यक्तिले राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वाभिमानको पक्षमा दृढतापूर्वक उभिँदै आएका देशभक्त नेपाली जनतालाई लज्जित एवं आक्रोशित बनाएको छ,' श्रेष्ठले भनेका छन् ।

उनले यस्तो घातक अभिव्यक्ति तत्काल संसद्को अभिलेखबाट हटाएर प्रधानमन्त्रीले जनतासामु माफी माग्नुपर्ने माग गरेका छन् । 'तथ्य यति स्पष्ट हुँदाहुँदै पनि प्रधानमन्त्रीले यस्तो संवेदनशील विषयलाई यसरी प्रस्तुत गर्नुलाई जति विरोध र भर्त्सना गरे पनि कम हुन्छ । प्रधानमन्त्रीले यसका निम्ति तत्काल नेपाली जनता र संसद्सामु माफी माग्नुपर्छ, यसलाई सच्याउनु पर्दछ र संसद्को अभिलेखबाट यसलाई हटाउनु पर्दछ । यो त्यत्तिकै विस्मृतिमा राखेर छुट दिने सामान्य विषय हुँदै होइन,' श्रेष्ठले भनेका छन् ।

■■■

## प्रधानमन्त्रीले ...

अतिक्रमण गरेको निष्कर्ष निस्किएको छैन,' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

विज्ञहरूले राष्ट्रको सार्वभौमिकता र भौगोलिक अखण्डताजस्तो संवेदनशील विषयमा कार्यकारी प्रमुखबाटै तथ्यहीन अभिव्यक्ति आउनु दुर्भाग्यपूर्ण भएको बताएका छन् । नेपालले आफ्नो अद्यावधिक राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरिसकेको स्मरण गराउँदै विज्ञहरूले प्रधानमन्त्रीसँग प्रश्न गरेका छन्, 'यो अभिव्यक्ति दिनुको आधार वा प्रमाण के हो ?'

प्रधानमन्त्रीको अभिव्यक्तिका कारण आमनागरिकमा भ्रम सिर्जना भएको भन्दै विज्ञहरूले तीन बुँदे माग अघि सारेका छन् । जसमा प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिबारे तत्काल सार्वजनिकरूपमा स्पष्टीकरण दिनुपर्ने, भ्रम सिर्जना गर्ने खालको सो अभिव्यक्तिप्रति प्रधानमन्त्रीले क्षमायाचना गर्नुपर्ने र प्रतिनिधिसभामा दिइएको उक्त गलत अभिव्यक्तिलाई संसदीय रेकर्डबाट हटाउन सभामुखसमक्ष आग्रह गरिएको छ ।

■■■

## प्रतिपक्षको ...

उनले प्रभावसँग भने, 'नेपालको संविधानले संघीय संसद्लाई मर्यादित, उत्तरदायी र कानुनको शासनअन्तर्गत सञ्चालन हुने संस्था मानेको छ । संविधानको धारा १०३ (६) ले संसद् सदस्यको स्वतन्त्रता सुनिश्चित गर्न केही संरक्षण दिएको भए पनि त्यसले फौजदारी अभियोग लागेका सांसदलाई कानुनी कारबाहीबाट उन्मुक्ति दिएको छैन ।'

आङ्देम्बेका अनुसार संविधानमै स्पष्टरूपमा 'कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई संघीय कानुनबमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुर्‍याएको मानिने छैन' भनेर उल्लेख गरिएकाले सांसद पनि कानुनभन्दा माथि नहुने संवैधानिक मर्म स्थापित भएको छ ।

तर, संशोधित नियमावलीमा राखिएको नियम २५९ ले यही संवैधानिक सिद्धान्तलाई कमजोर बनाउने प्रयास गरेको उनको आरोप छ । आङ्देम्बेले यो व्यवस्थाले प्रतिनिधिसभा नियमावलीलाई नै विशेष कानुनको हैसियत दिन खोजिएको भन्दै असहमति प्रकट गरेका हुन् । उनले भने, 'नियमावली मुलतः संसद्को कार्य सञ्चालनका लागि बनाइने अधीनस्थ कानुनी दस्तावेज हो । यसले संविधान वा संसद्ले बनाएको प्रचलित कानुनभन्दा माथि रहने अधिकार पाउँदैन ।'

उनले यस्तो व्यवस्था राख्नुको उद्देश्य सम्पत्ति शुद्धीकरणजस्तो फौजदारी अभियोगमा मुद्दा खेपिरहेका सत्तापक्षीय सांसदहरूको पद निलम्बन रोक्नु हुन सक्ने बताए । उनले भने, 'सत्तापक्षीय केही माननीय सम्पत्ति शुद्धीकरणजस्तो फौजदारी अभियोगमा मुद्दा खेपिरहेका छन् र पद निलम्बन रोक्ने उद्देश्यले यस्तो प्रावधान ल्याइएको भनेर बुझ्न कठिन छैन ।'

विपक्षी दल नेकपा एमालेले संशोधित प्रतिनिधिसभा नियमावलीलाई 'संविधानमाथिको बलमिच्याइँ' भन्दै विरोध गरेको छ । प्रमुख सचेतक ऐन महरले सभामुखको नियमावलीमा उल्लिखित भूमिकाबारे कडा टिप्पणी गर्दै कुनै पनि पदाधिकारीको निर्णय पूर्णतः अन्तिम र निरपेक्ष हुन नसक्ने बताए । उनले संविधानको सर्वोच्चतालाई नियमावलीको संशोधित प्रावधानले खिल्ली उडाएको पनि दाबी गरे । यस्तै, नियम २६१ मार्फत अदालतमासमेत प्रश्न उठाउन नपाइने व्यवस्था गरिएको भन्दै एमालेले त्यसलाई न्यायिक पुनरावलोकनमाथिको सीधा हस्तक्षेप मानेको छ । महरले भने, 'संसद्ले नियमावलीमार्फत अदालतको अधिकार सीमित गर्न सक्दैन । यो कदम असंवैधानिक छ ।'

नेकपाले भने नियमावलीको विवादास्पद प्रावधान तत्काल हटाउन माग गरेको छ । प्रमुख सचेतक युवराज दुलालले संसद्को गरिमा सांसदलाई कानुनभन्दा माथि राखेर नभई सबैलाई कानुनको दायरामा समानरूपमा ल्याएरमात्रै जोगिने भन्दै विवादास्पद प्रावधान खारेजीको माग गरे । आइतबारको प्रतिनिधिसभा बैठकमा संशोधन प्रस्तावकहरूले पनि संशोधन प्रतिवेदन खारेजीको माग गरेका थिए । गत ८ वैशाखमा प्रतिनिधिसभा नियमावलीको मस्यौदा तयार भएको थियो । नियमावलीमा देखिएका कमजोरी सुधार्न र समसामयिक बनाउन संसद्मा रहेका छ वटै दलको प्रतिनिधित्व हुनेगरी १५ सदस्यीय मस्यौदा समिति गठन गरिएको थियो ।

रास्वपा संसदीय दलका उपनेतासमेत रहेका पराजुली सभापति रहेको समितिको सदस्यहरूमा ओजस्वी शेरचन, खगेन्द्र सुनार, खुस्बु ओली, गजला समिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निस्कल राई, बलावती शर्मा, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल थिए ।

उनीहरूले बहुमतको आधारमा मस्यौदा समितिबाट पारित गरेका थिए । त्यसपछि सभामुखलाई बुझाएकोमा आइतबारको बैठकले मस्यौदा प्रतिवेदन पारित गरेको हो । यससँगै रास्वपा सभापति रवि लामिछानेलाई राहत मिलेको छ । काठमाडौं, रूपन्देही र पर्सा अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा उनको सांसद पद निलम्बन नहुने भएको छ । अदालतमा मुद्दा दायर भए पनि त्यो अदालतको क्षेत्राधिकारभित्र नपर्नेगरी नियम बनाइएको हो । यसले रविलाई हाइसञ्चो हुने देखिएको हो ।

■■■

## तीन पूर्वअध्यक्षको...

राप्रपालाई विगत चार वर्ष जनभावनाअनुकूल अघि बढाउने प्रयास गरेको तर अध्यक्ष राजेन्द्र लिङ्देनले विरोधाभाष र सैद्धान्तिक द्विविधाबीच गलत बाटोमा पार्टीलाई हिँडाएको आरोप लगाए । परिणामतः गत २१ फागुनको निर्वाचनमा जनताले राप्रपालाई दण्डित गरेको उनको भनाइ छ । त्यही भएर विश्वसनीय राष्ट्रवादी शक्ति बनाउन गोलबद्ध हुन उनले आइतबार आह्वान गरेका छन् ।

'राप्रपामा आबद्ध साथीहरूलाई यही बाटो सही लाग्छ, त्यतै रहन शुभकामना छ, कुनै वैरभाव छैन,' उनले भनेका छन्, 'होइन, स्वच्छ मन र आत्मीय सम्बन्ध निर्माण गरेर हाम्रा मान्यताहरूलाई सही लक्ष्य दिने चाहना हो भने एकजुट भएर अघि बढ्न सबै राष्ट्रवादी मित्रहरूलाई हार्दिक आह्वान गर्दछु ।'

पछिल्लो समय पार्टी अध्यक्ष लिङ्देनको नेतृत्व, कार्यशैली र राजनीतिक रणनीतिप्रति राणाले असन्तुष्टि जनाउँदै आएका छन् । यसपछि राणाले नयाँ दल खोलेर अघि बढ्ने मनस्थिति बनाएका हुन् । उनले नयाँ दलमा पार्टीका शीर्षस्थ नेताहरूलाई सहभागी नगराउने भएका छन् । पूर्वअध्यक्ष लोकेन्द्रबहादुर चन्द, पशुपतिशमशेर राणा, कमल थापा, प्रकाशचन्द्र लोहनी, नवराज सुवेदी कसैलाई पनि पार्टीमा सामेल नगर्ने भएका हुन् ।

राणाले खोल्ने नयाँ दलमा पूर्वमन्त्री दिलनाथ गिरी, दिलविकास राजभण्डारी, सगुन लावती, नारायण कोइरालालगायतका नेताहरू सक्रियरूपमा सहभागी हुने तयारीमा रहेको दाबी गरिएको छ । पार्टीबाट अलग भएका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, शरदराज पाठकलगायतलाई पनि समेट्ने तयारी भएको छ ।


**जापानमा रोजगार** कम्पनी : FUTAGO COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ LT. No. 338162 चलानी नं. ६०२५६१०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 199575 | १९०,४९३ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २५ गते (8th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५0,000/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALLIED INTERNATIONAL MANPOWER PVT.LTD.
श्रम ई.नं. १६१९/०७९/८०
kumaripati, lalitpur, Nepal, Tel: +977-01-5407555, 9800986222 Manjil Shrestha, Email: alliedintl1619@gmail.com



**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस S.K Energy Traders कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 138 | N/A | CHINA | PCS | 6,400.00 | 15,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 148 | N/A | CHINA | PCS | 7,200.00 | 17,000.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 58 | N/A | CHINA | PCS | 11,500.00 | 32,000.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 78 | N/A | CHINA | PCS | 9,900.00 | 28,000.00 | |

बिक्रेताको फर्मको नामः S.K. ENERGY TRADERS — स्थायी लेखा नं: 302252282
ठेगानाः Ramhiti, Boudda, Kathmandu, Nepal — फोन नं: 9851040703



**बहराइनमा रोजगार** कम्पनी : DRAGON BEACH HOTEL

पूर्व स्वीकृति मिति : २०८२/०९/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१७ LT. No. 336261 चलानी नं. ६०२४९८१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | F & B Waiter | 0 | 2 | 150 | ६0,४0५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २५ गते (8th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १८ जेठ, २०८३**

| राशि | फल |
|---|---|
| मेष | नयाँ कामको अवसर मिल्न सक्छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| वृष | कार्य क्षेत्रमा प्रशंसा मिल्ने दिन छ । रोकिएका काम अघि बढ्नेछन् । |
| मिथुन | आज यात्रा वा नयाँ भेटघाटको सम्भावना छ । बोलीमा संयम राख्नु राम्रो । |
| कर्कट | मन अलि संवेदनशील बन्न सक्छ । आर्थिक पक्ष भने क्रमशः सुधार हुँदै जानेछ । |
| सिंह | नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ । |
| कन्या | कामको चाप बढे पनि परिणाम राम्रो आउनेछ । आफन्तसँगको सम्बन्ध सुदृढ बन्नेछ । |
| तुला | नयाँ योजना सफल हुने संकेत छ । रमाइलो यात्राको योग छ । |
| वृश्चिक | विवादबाट टाढा रहनु राम्रो । मेहनत अनुसार उपलब्धि प्राप्त हुनेछ । |
| धनु | भाग्यले साथ दिने दिन छ । शिक्षाक्षेत्र तथा वैदेशिक काममा सफलता मिल्न सक्छ । |
| मकर | आर्थिक लाभको सम्भावना छ । पुराना समस्या समाधान हुन सक्छन् । |
| कुम्भ | आज सिर्जनात्मक काममा सफलता मिल्नेछ । साथीभाइसँग भेटघाट रमाइलो हुनेछ । |
| मीन | धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । नयाँ अवसर प्राप्त हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ जेठ, २०८३ (१ जुन, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.७१ | १५२.३१ |
| युरो | १ को | १७६.६४ | १७७.३४ |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.५९ | २०४.३९ |
| स्विस फ्रैन्क | १ को | १९३.८३ | १९४.६० |
| अस्ट्रेलियन डलर | १ को | १०८.६४ | १०९.०७ |
| क्यानाडियन डलर | १ को | १०९.८४ | ११०.२७ |
| सिङ्गापुर डलर | १ को | ११८.७६ | ११९.२३ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | २२.४२ | २२.५१ |
| साउदी अरब रियाल | १ को | ४०.४३ | ४०.५९ |
| कतारी रियाल | १ को | ४१.६६ | ४१.८२ |
| थाई भाट | ख १ को | ४.६६ | ४.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.३१ | ४१.४७ |
| मलेसियन रिङेट | १ को | ३८.२६ | ३८.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १६.४१ | १६.४७ |
| डेनिस क्रोनर | १ को | २३.६४ | २३.७३ |
| हङकङ डलर | १ को | १९.३६ | १९.४४ |
| कुवेती दिनार | १ को | ४९४.६५ | ४९६.६१ |
| बहराइन दिनार | १ को | ४०२.३९ | ४०३.९८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# १२ वर्षमुनिका बालबालिका पनि चुरोटको लतमा

**काठमाडौं–** बालबालिकामा पनि सुर्तीजन्य पदार्थ सेवन गर्ने लत रहेको पाइएको छ । ‘विश्व सुर्तीजन्य पदार्थरहित दिवस’का अवसरमा आइतबार स्वास्थ्य सेवा विभागले यहाँ आयोजना गरेको कार्यक्रममा विद्यालय पढ्ने १२ वर्षमुनिका बालबालिकाले पनि चुरोट सेवन गर्ने गरेको पाइएको जानकारी दिइएको हो ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्की अनुसन्धानकर्ता कुसुम शाहीले अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै सातवटै प्रदेशका ५० वटा विद्यालयमा कक्षा ७ देखि १० सम्म पढ्ने तीन हजार बालबालिकामा अध्ययन गरिएको जानकारी दिइन् ।

उनका अनुसार अध्ययनमा १० वर्षमुनिका बालबालिकाले पनि चुरोट सेवनमा लागेको पाइएको छ । त्यस क्रममा ५७ प्रतिशत मानिसले बिहान उठ्नबित्तिकै चुरोट खाने गरेको र ७४ प्रतिशत सेवनकर्ताले चुरोट छाड्न कोसिस गरे पनि नसकिरहेको बताएका थिए ।

कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अतिरिक्त सचिव डा. श्रीकृष्ण श्रेष्ठले सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगले किशोर किशोरीलाई लत बसाल्नका लागि हुक्का, भेपजस्ता स्वादिलो र मिठास सुगन्ध आउने ‘फ्लेवर’ राखेर बिक्री गर्ने पाइएको बताए । उनले हाल किशोर किशोरीमा चुरोट, भेप र हुक्काको आकर्षण बढेकाले अभियान सञ्चालन गरेर रोक्नुपर्ने बताए ।

अतिरिक्त सचिव डा. श्रेष्ठले भेप र हुक्काजस्ता कुनै पनि हानिकारक पदार्थको सेवन नगर्नसमेत आग्रह गरे । उनले सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि कानुन कार्यान्वयनमा जोड दिनुपर्ने बताए । ‘मुलुकलाई सुर्तीमुक्त अभियान सञ्चालन गरेर मुटु, फोक्सो, मिर्गौला र क्यान्सर जस्ता रोगको उपचारमा लाग्ने खर्च जोगाउन सकिन्छ । यसमा सबैले ध्यान दिनुपर्छ,’ श्रेष्ठले भने ।

स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. अनुज भट्टचनले सुर्तीजन्य पदार्थ सामाजिक विष रहेकाले सबैको सहयोगबाट यसलाई रोक्न सकिने बताए । ‘सुर्तीजन्य पदार्थ एकप्रकारले सामाजिक विष नै हो । यसलाई सबै मिलेर समाजबाट हटाउनुपर्दछ,’ उनले भने ।

निमित्त महानिर्देशक डा. भट्टचनले सुर्तीजन्य पदार्थ रोकथाम र नियन्त्रण गर्न सरकार लागिपरेको र यसमा सबैको साथ आवश्यक रहेको धारणा राखे । कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा. वासुदेव उपाध्यायले आफ्नो घरमा कोही सुर्तीजन्य पदार्थ सेवनकर्ता छ भने छोडाउन आग्रह गरे । ‘आफ्नो घरमा कसैले सुर्तीजन्य पदार्थ सेवन गर्दछन् भने पहिलो तिनीहरूलाई छोडाऔं । विस्तारै सामाजका अन्य व्यक्तिलाई पनि यस कार्यमा नलाग्न सचेत गराऔं,’ उनले भने ।


स्वास्थ्य अभियन्ता शान्तराज मुल्मी, डा. जयकुमार गुरुङ, ज्योति बानियाँले युवालाई सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रण गर्न अभियान सञ्चालन गरिनुपर्नेमा जोड दिए । ‘सुर्तीजन्य पदार्थ र निकोटिनका नयाँ रूपको भ्रम चिरौं, कुलतबाट टाढा बसौं, स्वस्थ जीवन रोजौं’ भन्ने नाराका साथ आइतबार दिवस मनाइएको छ । नेपालमा हरेक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ । धूमपान र सुर्तीजन्य पदार्थले क्यान्सर, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी दीर्घ रोग, मधुमेहजस्ता नसर्ने रोगहरू निम्त्याउने गरेको चिकित्सकहरूले बताएका छन् । *रासस*

अमेरिकी उपविदेशमन्त्री रोजर्सले भनिन्

# पर्वतारोहण सुरक्षामा अमेरिकी प्रविधि उपयोगी हुनसक्छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिकी उपविदेशमन्त्री सारा बी रोजर्सले नेपालको पर्वतारोहणमा अमेरिकी प्रविधिले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने धारणा राखेकी छन् । नेपालस्थित अमेरिकी दूतावासले आइतबार यहाँ आयोजना गरेको ‘द एसेन्ट समिट’मा उपविदेशमन्त्री रोजर्सले अमेरिका र नेपालबीचको नवप्रवर्तन, पर्यटन तथा प्रविधिगत सहकार्यलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिइन् ।




उनले अमेरिका केवल समृद्धि र अवसरको देशमात्र नभई साहस, अन्वेषण र नवप्रवर्तनको भावनाबाट निर्माण भएको राष्ट्र भएको उल्लेख गर्दै हिमाल र विशेषगरी सगरमाथाले विश्वभरका साहसिक पर्यटक तथा पर्वतारोहीलाई प्रेरित गर्दै आएको बताइन् । उनले सन् १९६३ मा अमेरिकी पर्वतारोही जिम ह्विटेकरले नेपाली शेर्पा नावाङ गोम्बुसँगै सगरमाथा आरोहण गरेको ऐतिहासिक क्षण स्मरण गर्दै त्यसले नेपाल-अमेरिका सम्बन्धलाई थप गहिरो बनाएको उल्लेख गरिन् । उनका अनुसार छ दशकभन्दा बढी समयपछि पनि दुवै देशबीचको सम्बन्ध पर्यटन, शिक्षा, व्यवसाय, प्रविधि र जनस्तरको आदानप्रदानमार्फत निरन्तर बलियो बन्दै गएको छ ।

उपविदेशमन्त्री रोजर्सले अमेरिकी कम्पनीहरूले विकास गरेका सुरक्षा प्रणाली, सञ्चार उपकरण, ड्रोन प्रविधि तथा अभियान व्यवस्थापनसम्बन्धी आधुनिक प्रविधि हिमाली पर्यटन क्षेत्रका लागि उपयोगी रहेको उल्लेख गरिन् । यस्ता प्रविधिले खोज तथा उद्धार, मौसम पूर्वतयारी, लजिस्टिक व्यवस्थापन र पर्वतारोहण सुरक्षामा महत्त्वपूर्ण योगदान पुर्‍याउने उनको भनाइ थियो ।

उनले सन् २०२५ मा नेपालले ११ लाख ५० हजारभन्दा बढी अन्तर्राष्ट्रिय पर्यटक भित्र्याएको र त्यसमध्ये अमेरिकाबाट मात्रै करिब एक लाख १२ हजार पर्यटक नेपाल आएको तथ्य प्रस्तुत गर्दै अमेरिकी पर्यटकहरूले नेपालको पर्यटन उद्योग, होटल व्यवसाय, पथप्रदर्शक सेवा तथा स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएको बताइन् ।

रोजर्सले नेपाललाई अमेरिकाको विश्वासिलो साझेदारका रूपमा वर्णन गर्दै नवप्रवर्तन, उद्यमशीलता, शिक्षा तथा सुरक्षित प्रविधि समाधानका क्षेत्रमा सहकार्य विस्तार गर्न अमेरिका प्रतिबद्ध रहेको स्पष्ट पारिन् । उनले हिमालले संसारलाई साहस, धैर्य र सहकार्यको पाठ सिकाउने उल्लेख गर्दै यही मूल्यले नेपाल-अमेरिका सम्बन्धलाई पनि मार्गदर्शन गरिरहेको बताइन् ।

‘हिमालमा सफलता केवल शिखरमा पुग्नुमात्र होइन, त्यो कोसँग यात्रा गरिन्छ भन्ने कुराले पनि निर्धारण गर्छ,’ उनले भनिन्, ‘संयुक्त राज्य अमेरिका नेपालसँगको ७९ वर्ष पुरानो मित्रतालाई गर्वका साथ अगाडि बढाउँदै भविष्यमा अझ धेरै सफलताको शिखरहरू सँगै चढ्न चाहन्छ ।’

त्यस अवसरमा प्रतिनिधिसभाअन्तर्गतको अन्तर ाष्ट्रिय सम्बन्ध र पर्यटन समितिकी सभापति सुम्निमा उदासले सगरमाथा नेपालको अन्तर्राष्ट्रिय पहिचान, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको सबैभन्दा महत्त्वपूर्ण आधारमध्ये एक भएको बताइन् । उनले सगरमाथाले विश्वसामु नेपालको परिचय स्थापित गर्न अतुलनीय भूमिका खेलेको उल्लेख गरिन् ।

सभापति उदासले पर्वतीय पर्यटन नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै यसले वायुसेवा कम्पनी, होटल, रेस्टुरेन्ट, ट्राभल कम्पनी, गाइड, भरिया, स्थानीय व्यवसाय तथा हिमाली समुदायहरूको जीविकोपार्जनमा ठूलो योगदान पुर्‍याइरहेको बताइन् । प्रत्येक वर्ष हजारौं विदेशी पर्यटक, पर्वतारोही, अनुसन्धानकर्ता, चलचित्र निर्माता तथा साहसिक यात्रुहरू हिमालको आकर्षणले नेपाल आउने गरेको उनको भनाइ थियो ।

उनले पश्चिम एसियामा देखिएको संकटका कारण नेपालको समग्र पर्यटन क्षेत्रमा असर परे पनि पर्वतारोहण गतिविधि तुलनात्मक रूपमा स्थिर रहनुले नेपालको हिमाली पर्यटनप्रतिको विश्वव्यापी आकर्षण अझै बलियो रहेको प्रमाणित गरेको धारणा राखिन् । सभापति उदासले जलवायु परिवर्तनले हिमाली क्षेत्रमा गम्भीर असर पुर्‍याइरहेको भन्दै हिमनदीहरू तीव्र गतिमा पग्लिरहेको, पुराना आरोहण मार्गहरू परिवर्तन भइरहेको तथा वातावरणीय चुनौतीहरू बढ्दै गएको उल्लेख गरिन् । ‘हाम्रा हिमालहरूले नेपाललाई विश्वभर परिचित गराएका छन् । अब तिनको संरक्षण गर्नु हाम्रो साझा दायित्व हो,’ उनले भनिन् ।

उनले फोहोर व्यवस्थापन, भीड नियन्त्रण, वातावरणीय दिगोपना तथा पर्वतीय सुरक्षाका विषयलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याइन् । जलवायु अनुसन्धान, खोज तथा उद्धार, वातावरण संरक्षण, पर्यटन मापदण्ड र पर्वतीय सुरक्षाका क्षेत्रमा सरकार, निजी क्षेत्र, स्थानीय समुदाय तथा अन्तर्राष्ट्रिय साझेदारबीच सहकार्य अपरिहार्य रहेको उनको भनाइ थियो । पर्यटन क्षेत्रमा पारदर्शिता र जवाफदेहिताको महत्त्व उल्लेख गर्दै उनले नक्कली उद्धार उडान तथा सुरक्षा मापदण्डसम्बन्धी विगतका केही घटनाले नेपालको अन्तर्राष्ट्रिय छविमा असर पारेको बताइन् । यस्ता चुनौती समाधान गर्न सरकार र पर्यटन क्षेत्रका सरोकारवालाहरू मिलेर काम गरिरहेको जानकारी दिँदै उनले नेपालको प्रतिष्ठा थप सुदृढ बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राखिन् ।

# पूर्व जाने ८१ बसमा जिपिएस र सिसी क्यामरा, टिकट अनलाइनमा

**काठमाडौं (प्रस)–** काठमाडौंबाट पूर्व क्षेत्रमा सञ्चालन हुने अधिकांश सार्वजनिक सवारीसाधनमा सिसी क्यामरा जडान गरिएको छ । साथै बसको टिकट पनि अनलाइनमार्फत काट्न सकिने व्यवस्था गरिएको हो ।

सरकारले सबै सार्वजनिक सवारीसाधनमा अनिवार्यरूपमा जिपिएस प्रणाली र सिसी क्यामरा जडान गर्ने तयारी गरिरहेसँगै पूर्व यातायात व्यवस्थापन प्रालिले काठमाडौंको नयाँ बसपार्कबाट पूर्वतर्फ सञ्चालन हुने सबै सवारीसाधनमा जिपिएस प्रणाली र सिसी क्यामरा जडान गरेको हो ।

पूर्व यातायात व्यवस्थापन प्रालिका अध्यक्ष रजन रोक्काले नयाँ बसपार्कबाट पूर्वका विभिन्न स्थानमा चल्ने ८१ सार्वजनिक सवारीसाधनमा जिपिएस प्रणाली र सिसी क्यामरा जडान गरिएको जानकारी दिए । काठमाडौं-पूर्व सञ्चालन हुने सार्वजनिक सवारीसाधनलाई २०८० साउनदेखि एउटै कम्पनीमा आबद्ध गराएर सञ्चालन गरिँदै आइएको छ । उक्त कम्पनीमार्फत हाल तेह्रथुम, ताप्लेजुङ, खाँदबारी, काकँडभिट्टा, भद्रपुर, धरान, विराटनगर, मधुमल्ला, गौरीगञ्ज, बनियानी, गाईघाट, इलाम, पशुपतिनगर कटारी, जनकपुर, राजविराज, विरगञ्जलगायत स्थानमा सार्वजनिक सवारीसाधन सञ्चालन हुँदै आएका छन् ।

कम्पनीका सञ्चालक राजेन्द्रबहादुर थापाले सरकारले अगाडि सारेको कार्ययोजनालाई पूर्व यातायात व्यवस्थापन प्रालिले कार्यान्वयनमा ल्याएको बताए । उनले अब यथाशीघ्र आफ्नो कम्पनीको बसमा ‘लगेज ट्याग’ लागू गरिने जानकारी दिए । उनका अनुसार पूर्व क्षेत्रमा जाने यात्रुको सहजताका लागि प्रालिले ‘अनलाइन टिकट’ प्रणालीसमेत लागू गरिसकेको छ ।


## ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०७८/११/२७ मा दर्ता भएको यस **सिड फण्ड भेन्चर्स प्रा.लि. (प्रा.लि.नं. २८६२५१)** लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८३/०२/१६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सरोज दाहाल लिक्विडेटर (इजाजत नं. ३५३)**
**सम्पर्क नम्बर (९८५१२११००२)**

## मलेसियामा रोजगार

कम्पनी : NB FARMING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१७ | LT. No. 332207 | चलानी नं. ६०२४५८८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming Worker | 14 | 0 | 1700 | ६५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २५ गते (8th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## ओमन/कुवेतमा रोजगार

कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८२/०८/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१७ | LT. No. 334132 | चलानी नं. ६०२४७७५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | .... | 5 | 0 | 120 | ४७,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL KARAM AL ARABI FOR CATERING SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/०३/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१७ | LT. No. 327064 | चलानी नं. ६०२४०९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 31 | 0 | 85 | ४१,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २५ गते (8th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.को कर्जा चुक्ता गर्न आउने बारेको ७ दिने अत्यन्त जरूरी सार्बजनिक सूचना

प्रकाशित मिति : २०८३/०२/१८

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज हर्जाना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखित तथा लिखित रुपमा तर ताकेता गरेको मिति २०८२/११/१२ प्रभाव दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरि सकेको र सो अबधिसम्म पनि सहकारीको कर्जा/ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले मिति २०८३/०१/२४ मा १५ दिने सूचना प्रकाशित गरेको उक्त मितिसम्म पनि ऋण ब्याज चुक्ता नगरेकोले मिना भण्डारी पाण्डेयको नाममा मिति २०८३/०२/१८ मा प्रभाव दैनिक पत्रिकामा कर्जा/ब्याज चुक्ता गर्न आउने बारे ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै झमेला नभएको, नियमावली तथा यस सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिमामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै कर्जा चुक्ता गर्नु हुन अनुरोध गरीन्छ । अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखीने ब्यहोरा र तपाईको अन्य सम्पती रोक्का राखीने ब्यहोरा समेत अवगत गराउदछौ ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवराण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| कर्जाको शिर्षक : ब्यवसायीक कर्जा<br>नाम : **मिना भण्डारी पाण्डेय**<br>बाबु : पुरुषेत्तम पाण्डेय<br>बाजे/ससुरा : यज्ञ प्रसाद भण्डारी<br>ठेगाना :तारकेश्वर, अर्यालतार ५<br> | १. राम शरन भण्डारी<br>का.म.न.पा. १६<br> |

**धितो सुरक्षण विवरण:** काठमाण्डौ जिल्ला, काभ्रेस्थली वडा नं. ५ स्थित श्री मिना भण्डारी पाण्डेयको नाममा रहेको कित्ता नं. २४७७ को क्षे.फ १२७.१६ भएको सम्पूर्ण घरजग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

**नोट :** नोट : यस संस्थाबाट कर्जा लिएर समय समयमा व्याज र किस्ता नबुझाएका ऋणी सदस्यहरु सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्नुहन अनुरोध गरिन्छ । अन्यथा यसैगरी पत्रिकामा सूचना प्रकाशित गरी आवश्यक कानूनी कार्वाही अगाडी बढाईने छ ।

ECO HIMAL
**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com

## नाफिन बचत तथा ऋण सहकारी संस्था लि.

Nafin Saving & Credit Co-operative Ltd. 2066 Kathmandu

**काठमाडौ महानगरपालिका वडा नं.२५**
**न्हयैकन्तला, असन**

### कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०२/१८ गते*

यस संस्थाबाट कर्जा लिनु हुने तपसिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुर रकम धनि संस्थासँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गर्नु भएकोले तपसिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तारताकेता गर्दा समेत साँबा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हाल सम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो **३५ (पैतिस) दिने** सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जना, दैदस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकीएको समयभित्र पनि उल्लेखित अनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सग सम्बन्धित अन्य पक्ष र धनी संस्थाबिच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साक्षी एवम् धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरीने ब्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराइन्छ । साथै कालो सुचीमा नाम समावेश गर्नका लागि लेखी पठाइने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पतिको विवरण |
|---|---|---|---|---|
| १. | **नाम : असली तामाङ**<br>**पति** : शंकर तामाङ<br>**ससुरा** : नारायण तामाङ<br>**नागरिकता** : २८/०१/०७०/०३०३९<br>**जारी मिति** : २०७०/०५/०४<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ |  | काभ्रेपलाञ्चोक जिल्ला शारदा (बत्तासे) वडा नं.७ कित्ता नं.१११० क्षे.फ. ३-४-१-० जग्गा |
| (क) | **नाम : माया तामाङ**<br>**पति** : राम शरण तामाङ<br>**ससुरा** : नारायण तामाङ<br>**नागरिकता** : २९०६३<br>**जारी मिति** : २०६१/०४/१९<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ |  | का.जि.का.म.न.पा. वडा नं.१५ सिट नं.१०२१०६३१९ कित्ता नं.३७५,३७३,३६७ क्षे.फ.क्रमश: २५.१८, २९.०७, ९०.५७ व.मि.कित्ता घर जग्गा समेत |
| (ख) | **धन जमानी बस्ने :-**<br>**नाम** : शंकर तामाङ<br>**बाबु** : नारायण तामाङ<br>**बाजे** : मन बहादुर तामाङ<br>**नागरिकता** : ३८४०७<br>**जारी मिति** : २०६२/०५/२२<br>जिल्ला प्रशासन कार्यालय ललितपुर<br>**धन जमानी बस्ने :-**<br>**नाम** : राम शरण तामाङ<br>**बाबु** : नारायण तामाङ<br>**बाजे** : मन बहादुर तामाङ<br>**नागरिकता** : ७४७४०<br>**जारी मिति** : २०५२/०५/०६<br>जिल्ला प्रशासन कार्यालय ललितपुर | ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६<br>ललितपुर जिल्ला बिशंखुनारायण वडा नं.६ | <br> | |
| २. | **नाम : नरेन्द्र कुमार गुरुङ**<br>**बाबु** : देवी मान गुरुङ<br>**बाजे** : जसपति<br>**नागरिकता** : २७/०१/७८/१२४४३<br>**जारी मिति** : २०७८/११/२५<br>जिल्ला प्रशासन कार्यालय काठमाडौं | का.जि.का.म.न.पा. वडा नं.१५ |  | का.जि.जितपुर गा.वि.स.वडा नं.५ सिट नं.५ ग कित्ता नं.३४३ क्षे.फ.२-०-०-० जग्गा |
| (क) | **धन जमानी बस्ने :**<br>**नाम** : निधि गुरुङ<br>**पति** : नरेन्द्र कुमार गुरुङ<br>**ससुरा** : देवी मान गुरुङ<br>**नागरिकता** : १६८३५<br>**जारी मिति** : २०५९/०३/१०<br>जिल्ला प्रशासन कार्यालय काठमाडौं | का.जि.का.म.न.पा. वडा नं.१५ |  | |
| (ख) | **धन जमानी बस्ने :**<br>**नाम** : प्रज्ञा गुरुङ<br>**बाबु** : नरेन्द्र कुमार गुरुङ<br>**बाजे** : देवी मान गुरुङ<br>**नागरिकता** : २७/०१/७८/१२५८४<br>**जारी मिति** : २०७८/११/२९<br>जिल्ला प्रशासन कार्यालय काठमाडौं | का.जि.का.म.न.पा. वडा नं.१५ |  | |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर

**जेन–जी विद्रोहबारे राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले प्रधानमन्त्री वालेन्द्र शाह र उनको दल राष्ट्रिय स्वतन्त्र पार्टीलाई ठूलो नैतिक दबाब परेको छ । यो प्रतिवेदन कार्की आयोगको प्रतिवेदनजस्तो एकपक्षीय, प्रतिशोधपूर्ण र राजनीतिक आग्रहबाट निर्देशित देखिँदैन । बरु यसले राज्य पक्ष, सुरक्षा संयन्त्र र विद्रोही पक्ष सबैका गतिविधिमाथि प्रश्न उठाएको छ । त्यसैले यो प्रतिवेदनले तुलनात्मकरूपमा विश्वसनीयता र स्वीकार्यता पाएको छ । तर, समस्या प्रतिवेदनमा होइन, त्यसलाई कार्यान्वयन गर्ने सरकारको नियतमाथि छ ।**

**वालेन्द्र नेतृत्वको सरकारले अहिले देखाएको मौनता शंकास्पद छ । कारण स्पष्ट छ कि प्रतिवेदनमा आफ्नै दल रास्वपाका सभापति रवि लामिछाने, केही सांसद, प्रभावशाली समर्थक र निकट पात्रहरूको नाम जोडिएको छ । आफ्नामाथि प्रश्न उठेपछि कानुन, सुशासन र नैतिकताको भाषण रास्वपा सभापति लामिछाने र उनका सांसदहरूबाट हराउन थालेको छ । जबकि, विडम्बना के छ भने यही सरकारले कार्की आयोगको विवादास्पद प्रतिवेदनलाई आधार बनाएर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न हतारो देखाएको थियो । त्यसबेला विनाकानुनी प्रक्रिया पक्राउ गरेको सर्वोच्चबाट ठहर भयो । त्यही भएर त्यो घटनालाई राजनीतिक प्रतिशोध भनियो । अहिले भने राष्ट्रिय मानवअधिकार आयोगजस्तो संवैधानिक निकायको प्रतिवेदनमाथि सरकार मौन छ । किन ? किनभने यसपटक प्रश्न आफ्नामाथि उठेको छ ।**

**यहींबाट सरकारको वास्तविक चरित्र देखिन थालेको छ । विपक्षीलाई कारबाही गर्न हतारो देखिने तर आफ्नामाथि प्रश्न उठ्दा मौन बस्ने प्रवृत्ति नयाँ राजनीति होइन । त्यो पुरानै सत्ता संस्कृतिको अर्को रूप हो । यदि सरकारले अहिले पनि प्रतिवेदन अल्झाउने, कमजोर बनाउने वा थन्क्याउने बाटो रोज्छ भने सरकार र उसले आलोचना गर्दै आएको पुरानो राजनीतिक व्यवस्थाबीच कुनै नैतिक फरक रहने छैन । आफ्नै सभापति, सांसद र कार्यकर्ताको नाम प्रतिवेदनमा आउँदा यदि पार्टी र सरकार दुवै चुप लाग्छन् भने त्यो राजनीतिक ढोंग सावित हुने छ ।**

**त्यसैले मानवअधिकार आयोगको प्रतिवेदनलाई दराजमा थन्क्याउने छुट सरकारलाई छैन । दोषी जोसुकै होस्, पूर्वप्रधानमन्त्री, मन्त्री, सांसद, प्रहरी प्रमुख, सेना प्रमुख वा सत्ता निकट इन्फ्लुयन्सर सबै कानुनी परीक्षणको दायरामा आउनुपर्छ । यदि सरकार साँच्चै सुशासनको पक्षमा छ भने उसले आफ्नामाथिबाटै अनुसन्धान सुरु गर्नुपर्छ । यदि यो प्रतिवेदन पनि विगतका प्रतिवेदनझैं राजनीतिक संरक्षणको सिकार बन्यो भने जेन–जी आन्दोलनले उठाएको परिवर्तनको नारा इतिहासकै अर्को ठगी सावित हुने छ ।**

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा



❑ श्यामप्रसाद मैनाली

> गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासनसत्ताको केन्द्रमा रहन्छन् । जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकको पूर्णसम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ । यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रूपमा अस्तित्वमा रहेको हुन्छ । यस महत्त्वपूर्ण संयन्त्रलाई प्रभावकारीरूपमा परिचालन गर्न सक्दामात्र जनतासमक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्नसक्दछ । सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ ।

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन् । राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरंकुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरूमा प्रारम्भका दिनहरूमा एक छत्र शासन गरेको अवस्था थियो । तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरू क्रमशः प्राप्त गर्दै गएको अवस्था हो ।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ । जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ । सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन् । गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ । आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ । एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरूले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन् । गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ । शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो । त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन् । यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो । सबै नागरिकहरूलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ । यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ । शासन प्रणाली वंशानुगतरूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ । लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो । वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ । सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरूपमा गर्न सक्दछन् । शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ । राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्द्रपूर्ण हुन्छ । सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताकाबीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ । आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमामात्र सक्षम हुन्छन् ।

नेपालमा लामो लोकतान्त्रिक संघर्षपश्चात् २०६५ जेठ १५ गते गणतन्त्र प्राप्त भएको हो । यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ । नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धेरै लामो समयदेखि नेपाली नागरिकहरू संघर्षशील रहेका हुन् । लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धेरै सपुतहरूले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन् । यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरू हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यबद्धताले निरन्तरता दिँदा सम्भव बनाएको हो । नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ । राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतंकको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्त्वपूर्ण गन्तव्यका रूपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो । नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन् । राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रूपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरू संघर्षरत रहेका हुन् । यिनै प्रयासहरूको परिणाम नेपालीहरूले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन् ।

## गणतन्त्रको उपादेयता

नेपाली नागरिकहरू २४० वर्षसम्मको निर्वाधरूपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदै गएका थिए । राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूकाविरुद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरू प्रारम्भका समयमा थिएनन् । विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरू पनि सचेत हुँदै गएका हुन् । गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आफ्ना प्रतिनिधिहरू निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन् । यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो । देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताकाबीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो ।

खासगरी नेपाली युवाहरूमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ । प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ । विशेषगरी युवाहरूले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन् । राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्यजस्ता महत्त्वपूर्ण विषयहरूमा सुसूचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरूले प्राप्त गर्दछन् । अग्रजहरूले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका संघर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन् । लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्त्वको बारेमा सुसूचित हुने अवस्था बन्दछ ।

मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रूपमा गणतन्त्र दिवसलाई लिइन्छ । संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरूलाई निर्देशित गर्ने हैसियत नागरिकहरूले प्राप्त गर्दछन् । जनप्रतिनिधिहरूसमेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसात् गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन् । न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ । नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो । भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ ।

गणतन्त्रात्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरूले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन् । नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसंघले समर्थन र स्वागत गरेको छ । विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तर्राष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ । दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ । यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणालीकै कारण सम्भव भएको हो ।

## गणतन्त्रमा निजामती सेवा

गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासनसत्ताको केन्द्रमा रहन्छन् । जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकको पूर्णसम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ । यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रूपमा अस्तित्वमा रहेको हुन्छ । यस महत्त्वपूर्ण संयन्त्रलाई प्रभावकारीरूपमा परिचालन गर्न सक्दामात्र जनतासमक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ । सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ । राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरूलगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकार सक्षम हुनुपर्दछ । यस परिस्थितिमामात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरू प्राप्त हुन सक्छन् ।

निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन् । यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ । कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ । भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ । यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दामात्र राज्यप्रति आमनागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन् । विकास र समृद्धिका संवाहकहरू पनि निजामती कर्मचारीहरू बन्न सक्नु पर्दछ । नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ । सरकारका नीति योजना तथा कार्यक्रमहरू तर्जुमाको अवस्थामा विशेषज्ञको रूपमा सहयोग पुर्‍याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ । सामाजिक न्याय र समावेशिताको गन्तव्य प्राप्त गर्न क्रियाशीलता दिन सक्नुपर्दछ । संविधानलगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको संरक्षण व्यावहारिकरूपमा नै गर्न इमान्दारितापूर्वक कार्यसम्पादन हुनुपर्दछ । नागरिकहरूको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवर्द्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ । नागरिकहरूबीच सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ । यस परिस्थितिमामात्र गणतान्त्रिक व्यवस्थाको प्रवर्द्धनको महसुस आमनागरिकहरूले गर्न सक्छन् ।

निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ । यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरू लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक कानुनी तथा पेसागत अधिकारहरू प्रदान गरी पूर्णरूपमा सुरक्षा प्रदान गर्नुपर्दछ । यी अधिकारहरूमा योग्यताका आधारमा सबै नेपालीहरूलाई निजामती सेवामा प्रवेश गर्ने समान अवसर प्राप्त गर्ने प्रावधान र इमान्दारिताका साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ । कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन ।

संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिँदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवासम्बन्धी सुरक्षामा कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनु हुँदैन । वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरुरी हुन्छ । यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ । पेसागत हकहितका प्रवर्द्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ । तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन ।

कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ । पेसाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदामात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ । निजामती राष्ट्रसेवकका अधिकारहरू र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्द्रपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरूको वृद्धि हुँदा र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुंगाका रूपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारिणी अधिकारसहितको राष्ट्रपति र कार्यकारिणी अधिकार प्रधानमन्त्रीमा रही आलंकारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरूमध्ये कुन-कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफल भएको देखिन्छ ? यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रूपमा लिई अनुसन्धानहरू गरिएका छन् । यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकोनमिक इन्टिलिजेन्स युनिट', 'डेमोक्रेटिक इण्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन् । यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्धराष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्याण्ड सफल देखिएको छ । प्रत्यक्षरूपमा नै संघीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ । संसदीय गणतन्त्र भएका देशहरू जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन् ।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ । दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग प्रतिस्पर्धा गरिराखेको छ ।

संसदीय प्रणाली अवलम्बन गरिएका देशहरूमा लोकतन्त्रको स्थायित्व अत्यधिक भएको पाइन्छ । अधिकांश गणतन्त्र भएका देशहरूले राष्ट्रपतिलाई आलंकारिक बनाई नागरिकप्रति प्रत्यक्षरूपमा जवाफदेहिता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन् । नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो । यो प्रणाली सबैभन्दा बढी सफल विश्व परिवेशमा देखिँदै गएको छ ।

## निष्कर्ष

लामो संघर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन् । यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ । यद्यपि गणतन्त्रको सफलताका लागि केवल व्यवस्था परिवर्तनमात्र पर्याप्त हुँदैन । राजनीतिक स्थिरता, सुशासन, कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ । गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल, नागरिक समाज र आमजनताले समानरूपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

अन्त्यमा, लोकतन्त्रको स्थायित्व समावेशिता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ । गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ । यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ । लोकतन्त्रलाई सुधीर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ । *रासस*

*(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*



**दमकलबाट पानी वितरण** | उदयपुरको कटारी नगरपालिकामा खानेपानीको मोटर बिग्रिएपछि आइतबार स्थानीयलाई दमकलबाट खानेपानी वितरण गरिँदै । *तस्बिरः रासस*

# जनप्रतिनिधिसँग बालबालिकाका माग

**टीकापुर (कैलाली)–** स्थानीय पालिकाका जनप्रतिनिधिसँग सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धिका लागि प्राथमिकता दिनेगरी नीति, कार्यक्रम तथा बजेट व्यवस्थापनका लागि माग गरिएको छ ।

यहाँका बालबालिकाले आगामी आर्थिक वर्षको बजेटमा विपन्न, अभिभावकविहीन तथा समस्यामा रहेका बालबालिकालाई प्राथमिकतामा राख्न त्यस्तो माग गरेका हुन् । बालिका विनिता चौधरीले बालबालिकाको स्वास्थ्य तथा पोषण सुधारमा काम गर्नुपर्ने, बालविवाह, बालश्रम, बालहिंसा रोकथाममा पालिकाले नीति तथा कार्यक्रममै व्यवस्था गर्नुपर्ने माग गरिन् ।

अर्की बालिका निर्मला विकले बालिका बलात्कार तथा यौनजन्य हिंसाको जोखिममा परिरहेकाले यौन दुर्व्यवहारबाट सुरक्षा, जोखिममा रहेका बालबालिकाको संरक्षणको जिम्मा पालिकाले लिनुपर्ने माग गरिन् । बालिका किरण लोनियाले बालबालिकाका लागि हरेक विद्यालयमा पुस्तकालय, खेलमैदान, कला र संस्कृति संरक्षण र नेतृत्व विकासमा लगानी गर्नुपर्ने माग गरिन् । 'मुस्लिम बस्तीमा अहिले पनि बालविवाह छ, धेरै अभिभावकले छोरीलाई विद्यालय पठाउँदैनन्,' उनले भनिन्, 'बालविवाहका कारण धेरै बालिका समस्यामा छन् । उमेर नपुग्दै आमा बन्छन् । मुस्लिम समुदायलाई यस्ता सवालमा सचेत बनाउन, शिक्षा र स्वास्थ्यमा लगानी बढाइदिन आग्रह छ ।'

कैलारी गाउँपालिकाका दिपु चौधरीले अपांगता भएका बालबालिकाका लागि विशेष सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्ने माग गरे । 'स्थानीय पालिकामा योजना छनोट गर्दा बस्तीस्तरमा हुने भेला, वडास्तरीय छलफललगायत कार्यमा हामीलाई पनि सहभागी गराइदिनुस्,' उनी भन्छन्, 'विद्यालयमा खानेपानी तथा सरसफाइको कमी छ । शौचालय व्यवस्थित छैनन्, यसतर्फ पनि लगानी बढाउनुपर्‍यो ।'

कतिपयले बालबालिकामाथि अनलाइन दुर्व्यवहार र साइबर जोखिम बढेको गुनासो गर्दै सुरक्षित इन्टरनेटको प्रयोगबारे जनचेतना जगाउनुपर्ने माग गरेका छन् । यसका साथै महिनावारी व्यवस्थापनमा सहयोगका लागि हरेक विद्यालयमा सम्पर्क शिक्षकका रूपमा महिला शिक्षकलाई राख्नुपर्ने माग गरेका छन् ।

हालै यहाँको भजनीमा आयोजित कार्यक्रममा सहभागी बालबालिकाले यस्तो माग गरेका हुन् । गर्मीमा पर्याप्त पंखा



नहुँदा विद्यालयमा अध्ययन गर्न समस्या भइरहेको, शौचालय फोहोर हुँदा संक्रमणको जोखिम रहेको र समुदायमा अझै छाउपडी प्रथा रहेकाले पठनपाठनमा चुनौती रहेको बालबालिकाको गुनासो छन् ।

कार्यक्रम वल्ड भिजन इन्टरनेसनल नेपाल र बालकल्याण संघ टीकापुरको आयोजनामा कैलालीमा सञ्चालित बाल समृद्धिका लागि हातेमालो तथा एकीकृत विकास कार्यक्रमअन्तर्गत भएको हो । कार्यक्रममा भजनी नगरपालिका, महिला बालबालिका शाखा प्रमुख रिजु चौधरीले बालविवाह, लागू अवस्था दुर्व्यसन, बीचैमा विद्यालय छोड्ने दर र बालबालिकामा आत्महत्याका घटना बढ्दै गएको बताइन् ।

नगर उपप्रमुख राजु तिरुवाले पालिकाले बालविवाह न्यूनीकरणका लागि मुस्लिम बस्तीमा परिवार नियोजन गर्ने महिलालाई प्रोत्साहनका कार्यक्रम अगाडि बढाइएको र त्यसलाई विस्तार गरिने योजना सुनाए । 'हामीले प्रोत्साहनका लागि कम्बल वितरणलगायत कार्यक्रम गरिरहेका छौं । पहिलो वर्ष तीनजना मात्रै आएकामा दोस्रो वर्ष २६ महिलाले बन्ध्याकरण गरेको भनेर सम्पर्क गरेका छन्,' उनले भने, 'यो कार्यक्रम आगामी दिनमा पनि निरन्तर रहने छ। नागरिकलाई सचेत गराउन विभिन्न कार्यक्रम र लाखौं लगानी गरिरहेको भए पनि प्रतिफल खासै नदेखिएकाले रणनीति बदल्दै छौं ।'

नगरप्रमुख केवल चौधरीले बालबालिकाका समस्यामा आफू गम्भीर रहेको भन्दै कार्यक्रममा उठेका जिज्ञासा सम्बोधन, समस्या भएका विद्यालयमा शिक्षा शाखासँग समन्वय गरेर सुधारका प्रयास गरिने बताए ।

बालकल्याण संघका संरक्षण अधिकृत इन्द्रराज जोशीले परियोजनाले बालबालिकाको शिक्षामा पहुँच र निरन्तरता बढाउन जोखिममा रहेका बालबालिकाको सुरक्षा र संरक्षण गरिने बताए । उनले बालबालिकाको सहभागिता बढाउन, किशोर किशोरीलाई जीवन उपयोगी शिक्षा दिन, बालविवाह, बालश्रम, हिंसा तथा दुर्व्यवहारविरुद्ध अभियान सञ्चालन गरिएको उल्लेख गर्दै त्यसलाई थप प्रभावकारी बनाउन सबैको सहयोग आवश्यक रहेको धारणा राखे ।

कैलारी गाउँपालिकाकी उपाध्यक्ष भगवतीकुमारी चौधरीले पालिकाले अति विपन्न, अभिभावकविहीन बालबालिकालाई सहयोग, स्वास्थ्य परीक्षण, क्षमता विकासका लागि विभिन्न कार्यक्रम गरिरहेको जानकारी दिइन् । 'हाल बस्तीस्तरमा टोल भेला भइरहेकाले आफ्ना योजना समावेश गर्न भेलामा सहभागिताका लागि बालबालिकालाई आग्रह गरिरहेका छौं,' उनले भनिन्, 'बालबालिकाको पोषण सुधार, पत्रु खानाको प्रयोग कम गर्न अभिभावक र बालबालिका जिम्मेवार बनाउन आवश्यक रहेकाले सोहीअनुसार कार्यक्रम गर्छौं ।'

कैलारी-८ का वडाध्यक्ष तारामल कठरियाले बालबालिकालाई तत्काल योजना ल्याउन आग्रह गर्दै केही योजना सम्बोधन गर्न आफूहरूले पहल गर्ने प्रतिबद्धता जनाए । उनले बालविवाह, लागुऔषध नियन्त्रणमा प्राथमिकता दिएर काम गर्ने बताए । वडासदस्य लक्ष्मी चौधरीले पहिलोपटक बालबालिकाका धेरै माग सुन्न पाउँदा खुसी लागेको बताइन् । *रासस*

# प्राविधिक शिक्षा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिइने

**चितवन (प्रस)–** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सीमान्तकृत समुदायका जेहेन्दार विद्यार्थीलाई प्रदेश सरकारले छात्रवृत्ति दिएर चिकित्सा तथा इञ्जिनियरिङ शिक्षा पढाउने बताएका छन् ।

नेपाल चिकित्सक संघ केन्द्रीय समितिले आइतबार यहाँ आयोजना गरेको अल नेपाल मेडिकल कन्फ्रेन्स 'एनएमए कन २०२६' को उद्घाटन कार्यक्रममा उनले बागमती प्रदेश सरकारले सीमान्तकृत समुदायका विपन्न विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्ने वातावरण बनाउन लागेको जानकारी दिए । उनले भने, 'यस समुदायका विद्यार्थीले प्रवेश परीक्षामा नाम निकालेर आर्थिक अभावका कारण पढाइ रोकिँदैन ।'

चिकित्सकीय सेवा महत्त्वपूर्ण भएको भन्दै मुख्यमन्त्री बानियाँले चिकित्सक मानवरूपी भगवान् हुने भएकाले यस क्षेत्रमा सक्षम र दक्ष जनशक्ति उत्पादन हुनुपर्नेमा जोड दिए । उनले इमानदार भई निरन्तर काममा खटिन चिकित्सकलाई आग्रह गरे ।

संघले पेसागत हकहितका लागि काम गरिरहेको भन्दै मुख्यमन्त्री बानियाँले प्रशंसा गरे । बागमती प्रदेश सरकारले १३ जिल्लाका प्रदेशस्तरका अस्पतालमा आधुनिक उपकरण जडान गरी उच्चतम सेवा प्रवाह गर्ने योजना बनाइरहेको बताउँदै उनले यसमा सरोकार भएका निकायको साथ र समन्वयको आवश्यकता औंल्याए । भक्तपुर अस्पतालमा 'रोवटिक सर्जरी' र हेटौंडामा 'क्याथल्याब'समेत जडान गरी थप विशेषज्ञ सेवा दिन लागिएको मुख्यमन्त्री बानियाँले जानकारी दिए ।

बागमती प्रदेशकी गरिबी सहरी विकासमन्त्री विनु रायमाझी र भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले स्वास्थ्य क्षेत्रको उन्ननयका लागि चिकित्सकले महत्त्वपूर्ण काम गरिरहेकाले उच्च प्रशंसा गरे ।

डा. अनिलविक्रम कार्की अध्यक्ष रहेको यसअघिको कार्यसमितिले आइतबार नै डा. बद्री रिजालको नवनिर्वाचित कार्यसमितिलाई पद हन्तान्तरण गरेको थियो । पद हस्तान्तरणसँगै निर्वतमान अध्यक्ष कार्की, नवनिर्वाचित अध्यक्ष रिजाल, चिकित्सक संघ चितवनका अध्यक्ष डा. उमेश नेपाललगायतले चिकित्सकका समस्याका र समाधानका विषयमा आ-आफ्ना धारणा राखे । सो अवसरमा संघमा रहेर विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउनेलाई सम्मान एवं पुरस्कृत गरिएको थियो ।

शनिबारदेखि सुरु भएको संघको आफ्नो ३० औं सम्मेलन (कन्फ्रेन्स) आइतबार सकिएको छ। कार्यक्रममा भारत र चीनसहित नेपालभरबाट ३५० जना सहभागी थिए । सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बिमा र मानव संशाधन व्यवस्थापनजस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको थियो ।

हरेक दुई-दुई वर्षमा हुँदै आएको यो कार्यक्रम १२ वर्षयता तीन-तीन वर्षमा गर्न थालिएको हो । नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिएको छ । सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक प्रस्तुतीकरण गरिएको थियो ।

# जोर्तीघाटमा झोलुंगे पुल बनेपछि तीन जिल्लाका स्थानीयलाई सहज



**खोटाङ–** दूधकोशी र सुनकोशी नदीको संगमस्थल ज्योर्तीघाटमा एकैसाथ दुई वटा झोलुंगे पुल निर्माण गरेर सञ्चालनमा ल्याइएको छ । खोटाङको हलेसी तुवाचुङ नगरपालिका-१ बहुनीडाँडास्थित ठुलोढुंगा, ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-६ हिलेपानी र उदयपुरको कटारी नगरपालिका-१४ लेखानीलाई जोड्नेगरी दूधकोशी र सुनकोशीमा दुई वटा झोलुंगे पुल निर्माण गरिएको हो ।

जोर्तीघाटमा निर्माण गरिएका झोलुंगे पुल सञ्चालनमा आएपछि तीन जिल्लाका नागरिकलाई सहजरूपमा आवागमन गर्ने वातावरण बनेको हलेसी तुवाचुङ नगरपालिकाकी प्रमुख विमला राईले बताइन् । 'पुलले पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण तथा आर्थिक गतिविधि विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्ने छ । पुल सञ्चालनसँगै खोटाङ, ओखलढुंगा र उदयपुरका स्थानीयलाई आवतजावतमा सहज भएको छ,' उनले भनिन् । पुल सञ्चालन भएपछि विद्यार्थी, किसान, व्यापारी तथा सर्वसाधारणलाई प्रत्यक्ष लाभ पुगेको नगरप्रमुख राईको भनाइ छ । तीन जिल्लाको संगमस्थल जार्तीघाटमा बनेका यी दुई झोलुंगे पुलले विकास, सम्भावना र सामाजिक एकताको नयाँ सेतु निर्माण गरेको उनले बताइन् ।

खोटाङ र ओखलढुंगा जोड्ने दूधकोशीको पुल १३४ मिटर तथा ओखलढुंगा र उदयपुर जोड्ने सुनकोशीको झोलुंगे पुल १७८ मिटर लामो छ । २०७९ साउन ६ गते सस्पेन्सन ब्रिज डिभिजन र निर्माण कम्पनी श्री अपर तामाकोशी जेके जेभीबीच सम्झौता भई दुई वटा झोलुंगे पुल निर्माण गरिएको नगरप्रमुख राई जानकारी दिइन् ।

झोलुंगे पुलको औपचारिक उद्घाटन १९औं गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते गरिएको थियो । दुवै झोलुंगे पुल राष्ट्रिय गानका रचयिता प्रदीपकुमार राई 'व्याकुल माहिला'को पहलमा निर्माण गरिएको हो । पुल उद्घाटन कार्यक्रममा खोटाङका किरात समुदायले साकेला सिली तथा सांस्कृतिक झाँकी प्रस्तुत गर्नुका साथै तीन जिल्लाका स्थानीयले कोशी किनारमा पूजाआजासमेत गरेका थिए । दूधकोशी र सुनकोशीको दुईवटा झोलुंगे पुल करिब तीन करोड ३१ लाख लागतमा निर्माण सम्पन्न भएको सस्पेन्सन ब्रिज डिभिजन, पुलचोकका योजना प्रमुख शंकर बुढाथोकीले जानकारी दिए । लामो समय डुंगाको सहारामा दूधकोशी र सुनकोशी वारपार गर्दै आएका स्थानीय ढिलै भए पनि जोर्तीघाटमा सुविधा सम्पन्न पुल एकैसाथ सञ्चालनमा आएपछि हर्षित भएका छन् । ती पुल सञ्चालनमा भएपछि पर्यटकका लागि आकर्षणको केन्द्र बन्ने विश्वास गरिएको छ ।

'जोर्तीघाटका यी दुई झोलुंगे पुलले तीन जिल्लालाई एउटै ठाउँमा जोडेको छ । साथै यी पुल एउटै जिपबाट बनेका छन् । यी दुवै पुलको जिप ओखलढुंगातर्फ एउटै छ,' योजना प्रमुख बुढाथोकीले भने । उनका अनुसार एउटै जीपबाट बनेका दुई वटा झोलुंगे पुल एउटाले दूधकोशी नदी पार गर्दै खोटाङ र अर्कोले सुनकोशी नदी पार गर्दै उदयपुरलाई जोडेको छ । दूधकोशी र सुनकोशी नदीको संगमस्थल जोर्तीघाट आसपासको प्राकृतिक सौन्दर्य अवलोकन गर्न दैनिकरूपमा आन्तरिक तथा बाहृय पर्यटक पुग्न थालेका स्थानीय बताउँछन् । *रासस*

# बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सहकार्य आवश्यक

**गण्डकी–** बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सम्बद्ध सबैको सहकार्य र समन्वय आवश्यक रहेकामा जोड दिइएको छ । भ्वाइस अफ चिल्ड्रेनको आयोजनामा आइतबार पोखरामा आयोजित 'बालअधिकार प्रवर्द्धन तथा अनलाइन बाल यौनदुर्व्यवहार रोकथाममा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रियामा बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सरोकार भएका सबैको साथ र सहयोगको आवश्यकता औंल्याइएको हो ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको सहकार्यमा भएको कार्यक्रममा वक्ताहरूले प्रविधिले बनाएको सहजतासँगै त्यस्तै किसिमका चुनौतीहरू थपेको बताउँदै बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सचेतना आवश्यक भएको बताए । भ्वाइस अफ चिल्ड्रेनका उपनिर्देशक राजु घिमिरेले विश्वमा इन्टरनेटको तीव्र विकाससँगै नेपालमा अनलाइनको माध्यमबाट बालबालिका बढी मात्रामा यौनदुर्व्यवहार, शोषण र हिंसामा परेका घटना सार्वजनिक भइरहेका बताए ।

'संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको डिजिटल वातावरणको सम्बन्धमा बालबालिकाको अधिकारसम्बन्धी सामान्य टिप्पणी नं २५ अनुसार डिजिटल वातावरणमा प्रत्येक बालबालिकाको अधिकारको सम्मान र संरक्षण हुनुपर्छ भनिएको छ,' उनले भने, 'प्रत्येक देशले उचित नीति नियम बनाएर बालबालिकालाई डिजिटल वातावरण सुरक्षित भएको सुनिश्चित गर्नुपर्दछ भनिएको छ, तर डिजिटल प्रविधिको विकाससँगै अनलाइनबाट बालयौन दुर्व्यवहार, शोषण र हिंसाका घटनाहरू अझ धेरै बढेका छन् ।'

यस विषयमा नेपालमा विभिन्न रूपमा तथ्यांक संकलन र अध्ययन तथा अनुसन्धानहरू भएका उपनिर्देशक घिमिरेले जानकारी दिए । इन्टरनेटको सुरक्षित प्रयोगका लागि राज्यको नीति नियम निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उनले सञ्चारकर्मीलगायत सरोकार भएका निकायले आ-आफ्नो तर्फबाट सहकार्य गरी बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सहकार्य गर्नु आजको आवश्यकता भएको बताए ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका केन्द्रीय सदस्य केशव पौडेलले बालअधिकार प्रवर्द्धनको विषयले प्राथमिकता पाउनुपर्ने बताए । कार्यक्रममा प्रेस काउन्सिल नेपालका पूर्वसदस्य केशवशरण लामिछाने, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव जमूनावर्षा शर्मा, पत्रकार कमल पौडेल, सन्देश श्रेष्ठलगायतले बालअधिकारको प्रवर्द्धनका लागि सरोकारवाला निकायबीच सहकार्य हुनु जरुरी भएको बताए । *रासस*


**नाफिन बचत तथा ऋण सहकारी संस्था लि.**
**काठमाडौं महानगरपालिका वडा नं.२५**
**न्हयैकन्तला, असन**

**कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने अत्यन्त जरुरी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०२/१८ गते**

यस संस्थाबाट कर्जा लिनु हुने तपसिल बमोजिमका ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुर रकम धनी संस्थासँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लङ्घन गर्नु भएकोले तपसिलका ऋणीलाई पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तारताकेता गर्दा समेत साँवा, व्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले हालसम्म पनि यस सस्थामा सम्पर्क नगरी संस्थामा बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको साँवा, व्याज, हर्जाना, दैदस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फरफारक गर्न गराउनु होला । तोकिएको समयभित्र पनि उल्लेखित अनुसार तिर्न बुझाउन बाँकी रहेको कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षपणको लागि लेखिदिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार तथा ऋणी सदस्य, सो सँग सम्बन्धित अन्य पक्ष र धनी संस्थाबिच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साक्षी एवम् धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुलउपर गरीने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै कालोसूचीमा नाम समावेश गर्नका लागि लेखी पठाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १ | **नाम : मोहन देवी महर्जन**<br>पति : पन्च नारायण महर्जन<br>ससुरा : तिर्थ नारायण महर्जन<br>नागरीकता : ५०१५<br>जारी मिति : २०४४/०७/११ जिल्ला प्रशासन कार्यालय काठमाडौं | का.जि.का.म.न.पा. वडा नं.२० |  | काठमाडौं जिल्ला तिनथाना गा.वि.स.९कित्ता नं.१०९ क्षे.फ.०-२-०-० घर जग्गा |
| क) | **धितो जमानी बस्ने**<br>**नाम :- प्रविण महर्जन**<br>बाबु :- पन्च नारायण महर्जन<br>बाजे :- तिर्थ नारायण महर्जन | का.जि.का.म.न.पा. वडा नं.२० |  | |
| ख) | **नाम :- प्रजिना महर्जन**<br>बाबु :- पन्च नारायण महर्जन<br>बाजे :- तिर्थ नारायण महर्जन | का.जि.का.म.न.पा. वडा नं.२० |  | |

प्रभाव दैनिक

रूपशाला

सोमबार, १८ जेठ २०८३ (Monday, 1 June 2026)

## विद्यार्थीले मन पराए चलचित्र 'रोल नं १'

चलचित्र 'रोल नं १' विद्यार्थीले मन पराएका छन् । स्कुल पढ्ने विद्यार्थीलाई लक्षित गरेर बनाइएको चलचित्र 'रोल नं १' विद्यार्थीले मन पराएका हुन् । 'हाम्रो चलचित्र 'रोल नं १' विद्यार्थीले मन पराइरहेका छन् । हामीले जुन उद्देश्यले यो चलचित्र निर्माण गरेको थियौं, त्यो पूरा भयो,' निर्माता विनोद पौडेल भन्छन्, 'सिनेमा हेर्ने विद्यार्थीले सिनेमा राम्रो लागेको र सबै विद्यार्थीले हेर्नुपर्ने बताइरहेका छन् ।' 'रोल नं १' शुक्रबारबाट प्रदर्शनरत छ ।



# असामान्य जोडीको कथामा 'गौंथली'

■ प्रभाव संवाददाता

**काठमाडौं–** असामान्य जोडीको कथामा आधारित रहेर चलचित्र 'गौंथली' तयार गरिएको छ । चलचित्रको प्रचारप्रसारका लागि सार्वजनिक गरिएको श्रव्यदृश्यमा अभिनेता अरुण क्षेत्री असामान्य देखिएका छन् ।


अभिनेता क्षेत्रीको असामान्य व्यवहार हेर्दा उनी कुनै रोगले पीडित देखिएका छन् भने उनको विवाह कम उमेरकी युवतीसँग भएको देखाइएको छ । स्कुले विद्यार्थीझैँ देखिने उक्त युवतीको भूमिका अभिनेत्री सिम्रन खड्काले निर्वाह गरेकी छन् ।

हेर्दा असामान्य लाग्ने जोडीले विवाहपछि सामना गर्ने चुनौतीकै कथामा चलचित्र तयार गरिएको अभिनेता क्षेत्रीले बताए । उनले भने, 'पढ्ने रहर हुँदाहुँदै कम उमेरमै विवाह गर्नुपरेकी युवती र असामान्य व्यवहार देखाउने जोडीको कथामा चलचित्र तयार भएको छ । झट्ट हेर्दा असामान्य देखिने जोडीले जीवनमा भोग्ने उतारचढावमा शिक्षाले पार्ने प्रभाव चलचित्रमा देखाइएको छ । गम्भीर विषयमा सरल चलचित्र बनाउने कोसिस गरेका छौं ।'

चलचित्र सामाजिक विषयमा तयार गरिएको छ । उक्त चलचित्रमा अभिनेता क्षेत्रीसँगै सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारले अभिनय गरेका छन् ।

डा. भोला रिजालको कथामा आधारित उक्त चलचित्रलाई डा. कपिल रिजालले निर्देशन गरेका छन् । निर्देशक रिजालकै पटकथा रहेको उक्त चलचित्रको संवाद निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले संयुक्तरूपमा तयार गरेका हुन् । निर्देशक रिजालले 'गौंथली'ले घर, परिवार र आपसी सामीप्यताको प्रतीकात्मक अर्थ बोकेको बताए । 'हामीले चलचित्रमा घर र परिवारको महत्त्व देखाउन खोजेका छौं, जहाँ शिक्षाको महत्त्वपूर्ण भूमिका छ,' निर्देशक रिजालले भने ।

उक्त चलचित्रलाई सुमन गिरी र निर्देशक रिजालले संयुक्त रूपमा निर्माण गरेका छन् । संगीतकार शम्भुजित बाँस्कोटा, थानेश्वर गौतम र प्रशान्त सिवाकोटीले संगीत सिर्जना गरेको चलचित्र 'गौंथली'मा एलिस कार्कीले पार्श्वसंगीत सिर्जना, मिलन श्रेष्ठले सम्पादन गरेका छन् ।




# भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी सम्पन्न




**भक्तपुर (प्रस)–** भक्तपुर नगरपालिकाद्वारा आयोजित 'भक्तपुर नगरव्यापी दाफा प्रदर्शनी २०८३' मा उत्कृष्ट पाँच टोलीलाई सम्मान गरिएको छ । भक्तपुरमा शुक्रबार सुरु भएर शनिबार सम्पन्न प्रदर्शनीमा ४६ टोलीले विभिन्न दाफा भजन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं पूर्वसांसद प्रेम सुवालले यहाँको ऐतिहासिक, सांस्कृतिक तथा कलात्मक महत्त्वबारे चर्चा गरे । कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले यहाँका मूर्त तथा अमूर्त सम्पदाको संरक्षण एवं संवर्द्धनमा निरन्तरता दिँदै आएको बताए । सम्पदा पुनर्निर्माणमा नगरपालिकाले विदेशी सहयोग नलिएको र जनताको सहयोग एवं सहभागितामै काम गरिरहेको भन्दै उनले नगरपालिकाले १७८ सम्पदाको पुनर्निर्माण सम्पन्न गरिसकेको बताए ।

दाफा प्रदर्शनीमा उत्कृष्ट घोषित कुथुछे दाफा भजन, खिँछे दाफा भजन, ज्याथा गणेश दाफा भजन, लाकोलाछें चपाल दाफा भजन र लाकोलाछें त्वाले दाफा भजनलाई उत्कृष्ट घोषणा गरी लालाखिङ, तँ, भ्यालिन्चा र प्रत्येक टोलीलाई १५ हजार रूपैयाँ पुरस्कार प्रदान गरेको उनले बताए ।

## विदेशमा शाखा विस्तार गर्दै चलचित्र पत्रकार संघ

**काठमाडौं (प्रस)–** चलचित्र पत्रकार संघ नेपालले विदेशमा शाखा विस्तार गरेको छ । आफ्नो संगठनात्मक सञ्जाललाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्ने उद्देश्यसहित संघले विभिन्न मुलुकका लागि संयोजक तोकेको हो ।

संघको केन्द्रीय कार्यसमितिको बैठकले नेपाली चलचित्र पत्रकारितालाई प्रवासमा रहेका नेपाली समुदायसँग मात्र होइन, अन्तर्राष्ट्रिय सांस्कृतिक नेटवर्क (सञ्जाल)सँग जोड्ने आधार तयार गर्ने निर्णय गरेको अध्यक्ष समीर बलामीले बताए ।

संघले संयुक्त राज्य अमेरिकामा दाङ शाखाका संस्थापक अध्यक्ष किसन रेग्मी, क्यानडामा संघका पूर्वउपाध्यक्ष श्याम अर्याल, जापानमा पूर्वसचिव उत्तम गौडेल, युरोप क्षेत्रमा मकवानपुर शाखाका पूर्वध्यक्ष मणिराज गौतम, अस्ट्रेलियामा संघका सदस्य दीपेन्द्र घिमिरे, बेलायतमा सदस्य दीपश्न लुइँटेल तथा कतारमा चलचित्र पत्रकार कमल साउदलाई संयोजकको जिम्मेवारी दिएको जनाएको छ । यसअघि दुबईमा चलचित्र पत्रकार कमल श्रेष्ठको अध्यक्षतामा नौ सदस्यीय च्याप्टर गठन भइसकेको महासचिव गोपिकृष्ण चापागाईंले जानकारी दिए ।



# श्रीलंकालाई पराजित गर्दै नेपाल साफ च्याम्पियनसिपको सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**भारत (गोवा)–** साफ महिला च्यम्पियनसिप फुटबल प्रतियोगितामा नेपालले श्रीलंकालाई पराजित गर्दै समूह विजेताको रूपमा सेमिफाइनलमा प्रवेश गरेको छ ।

भारतको गोवास्थित पण्डित जवाहारलाल नेरु रंगशालामा आइतबार सम्पन्न समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले श्रीलंकामाथि २-० गोलको जित निकाल्यो । नेपाल समूह 'बी'को शीर्ष स्थान रहेको छ ।

दुई खेल खेलेको नेपालले सतप्रतिशत नतिजा निकाल्दै छ अंकका साथ समूह विजेता बनेको हो । नेपालले समूहचरणको आफ्नो पहिलो खेलमा भुटानलाई १-० गोलअन्तरले पराजित गरेको थियो । त्यसैगरी समूह 'बी'बाट भुटान उपविजेताको रूपमा सेमिफाइनलमा पुगेको छ । भुटानले तीन अंक बटुल्दै प्रतियोगिताको उपविजेता बन्दै सेमिफाइनलमा पुगेको हो ।



आइतबारको खेलमा नेपालका लागि रस्मीकुमारी घिसिङ र रेनुका नगरकोटीले समान एक-एक गोल गरे । रस्मीले खेलको पहिलो हाफमा गोल गरिन् भने रेनुकाले खेलको दोस्रो हाफमा गोल थपिन् । खेलको पहिलो हाफको अतिरिक्त समयमा रस्मीले पेनाल्टी एरियाभित्र रेखा पौडेलले दिएको पासलाई सदुपयोग गर्दै गोल गरेकी थिइन् । त्यस्तै खेलको ६० औं मिनेटमा रेनुकाले गोल गरेकी हुन् । उनले पेनाल्टी एरिया बाहिरबाट प्रहार गरेको बलले जाली चुमेको थियो । आइतबारको हारसँगै श्रीलंका प्रतियोगिताबाट बाहिरिएको छ ।

## खोक्सिकमा खेलमैदान स्तरोन्नतिका काम सुरू

**भोजपुर–** यहाँको रामप्रसाद राई गाउँपालिका-८ खोक्सिकमा रहेको खेलमैदान स्तरोन्नतिका काम सुरु गरिएका छन् । स्थानीयस्तरमा खेलकुद क्षेत्रको विकासका लागि खेल मैदानलाई व्यवस्थित र सुविधासम्पन्न बनाउन लागिएको हो ।

वडाध्यक्ष बाचकुमार राईका अनुसार चालु आर्थिक वर्षमा प्रदेश सरकार र प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत करिब १५ लाख रूपैयाँको लागतमा खेलमैदान स्तरोन्नति भइरहेको हो । उनले भने, 'युवा पुस्तालाई खेलकुदतर्फ आकर्षित गर्दै स्थानीयस्तरमै खेल गतिविधि सञ्चालन गर्न सहज बनाउने उद्देश्यले मैदान स्तरोन्नतिको काम अघि बढाएका हौं ।'

वडाध्यक्ष राईले आगामी दिनमा थप बजेटको व्यवस्थापन गरी दर्शक बस्ने स्थान, घेराबार, शौचालय तथा अन्य पूर्वाधार विकासका काम क्रमशः अघि बढाइने बताए । मैदानका स्तरोन्नतिपछि यहाँ फुटबल, भलिबललगायत विभिन्न खेल नियमित रूपमा सञ्चालन गर्न सहज हुने छ । खेलमैदान स्तरोन्नतिले गाउँमै खेल प्रतियोगिता आयोजना तथा त्यसमार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न पनि सहयोग पुग्ने अपेक्षा रहेको स्थानीय युवा सिरोज श्रेष्ठले बताए । *रासस*

गण्डकी यु-१९ महिला क्रिकेट

# कास्की र स्याङ्जा विजयी

**कास्की (प्रस)–** पोखरा रंगशालास्थित क्रिकेट मैदानमा गण्डकी प्रदेशस्तरीय १९ वर्षमुनिको महिला क्रिकेट प्रतियोगिता जारी छ । गण्डकी प्रादेशिक क्रिकेट संघको आयोजनामा यही जेठ १४ गतेदेखि सुरु भएको प्रतियोगिताअन्तर्गत आजका खेलमा कास्की र स्याङ्जाले जित निकालेका छन् ।

पहिलो खेलमा कास्कीले नवलपुरलाई ८८ रनले पराजित गऱ्यो । टस जितेर पहिले ब्याटिङ रोजेको कास्कीले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर ११९ रन बनाएको थियो । विपाशना मैनालीले २८ र विनिता सिग्देलले १७ रन बनाइन् भने अतिरिक्तबाट मात्रै ४५ रन प्राप्त भयो ।

जितका लागि १२० रनको लक्ष्य पछ्याएको नवलपुर १४ ओभरको चौथो बलमा ३१ रनमा अलआउट भयो । आयुष्मा चापागाईंले सर्वाधिक सात रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । कास्कीका लागि सुशीला डिम्डुङले उत्कृष्ट बलिङ गर्दै तीन ओभरमा पाँच रन खर्चेर पाँच विकेट लिइन् । वर्षा पौडेल, यशोदा भुजेल, सोनिमा थापा मगर, रोजी परियार र रचना चौधरीले समान एक-एक विकेट लिए । सुशीला 'प्लेयर अफ द म्याच' घोषित भइन् ।

यसैगरी, आइतबारको दोस्रो खेलमा स्याङ्जाले पर्वतलाई ११० रनले पराजित गरेको छ । पहिले ब्याटिङ गरेको स्याङ्जाले २० ओभरमा आठ विकेट गुमाएर १३० रन बनायो । सेरिना थापाले २७ रन, अरमिना अधिकारीले १९ रन, सलिना सेनले १७ रन तथा कुसुम गोदारले १७ रनको योगदान दिइन् ।

जितका लागि १३१ रनको लक्ष्य पछ्याएको पर्वत आठ ओभरमा २० रनमा समेटियो । दीपिका सापकोटाले सात रन बनाउनुबाहेक अन्य ब्याटरले उल्लेखनीय प्रदर्शन गर्न सकेनन् । स्याङ्जाका लागि निरु जिटीले पाँच विकेट लिइन् ।

स्याङ्जा र कास्की दुवै टोली अंक तालिकामा पहिलो र दोस्रो स्थानमा छन् । स्याङ्जा छ अंकका साथ पहिलो स्थानमा रहँदा कास्की पाँच अंकका साथ स्याङ्जालाई पछ्याइरहेको छ । आज कास्की र स्याङ्जाबीच हुने अन्तिम लिग खेलले च्याम्पियन टोलीको टुंगो लाग्ने छ । प्रतियोगितामा गण्डकी प्रदेशका कास्की, स्याङ्जा, बागलुङ, पर्वत र नवलपुर गरी पाँच जिल्लाका महिला यु-१९ टोलीको सहभागिता छ । विजेता खेलाडीबाट प्रदेशस्तरीय टोली छनोट गरिने आयोजकले जनाएको छ ।

## इटहरीमा १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु

■ प्रभाव संवाददाता

**धरान (सुनसरी)–** कोशी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताको १६औं संस्करण इटहरीमा सुरु भएको छ । आइतबारदेखि सुनसरीको इटहरीस्थित रंगशालामा सुरु भएको प्रतियोगिता आजसम्म सञ्चालन हुने छ ।

कोशी प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा सुरु भएको प्रतियोगिताको उद्घाटन कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले गरेका थिए । प्रतियोगितामा कोशी प्रदेशका १४ वटै जिल्लाबाट एक हजार ७०० खेलाडीको सहभागिता रहेको कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव विप्लव घोषले जानकारी दिए ।




प्रतियोगिताअन्तर्गत एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसु गरी छ विधाका खेल समावेश गरिएका छन् । प्रतियोगिताबाट छनोट भएका खेलाडीले काठमाडौंमा हुने १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता जनाउने अवसर प्राप्त गर्ने घोषले बताए ।

सदस्यसचिव घोषका अनुसार आज सोमबार सम्पन्न हुने प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट उत्कृष्ट खेलाडी छनोट गरी काठमाडौंका लागि बिदाइ गरिने छ । कोशी प्रदेशबाट ११५ खेलाडी तथा पदाधिकारीको टोली राष्ट्रिय प्रतियोगिताका लागि काठमाडौं पठाइने उनको भनाइ छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा काठमाडौंमा यही जेठ २० देखि २२ गतेसम्म सञ्चालन हुने केन्द्रस्तरीय १६औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा सातवटै प्रदेशबाट जम्मा ६६० भन्दा बढी खेलाडीको सहभागिता रहने राखेपले जनाएको छ ।



अस्ट्रेलियाको सिड्नीमा आइतबार देखिएको 'ब्लु मुन' अर्थात् पूर्णाकारको चन्द्रमा । *तस्बिर: सिन्ह्वा*

# गाजाका क्यान्सरपीडित बालबालिकालाई खेलकुद र मनोरञ्जनमार्फत राहत

**गाजा–** युद्ध र रोगको दोहोरो पीडाबाट गुज्रिरहेका गाजाका क्यान्सरपीडित बालबालिकाका लागि शनिबार केही समय खुसी र मनोरञ्जनको वातावरण सिर्जना गरिएको छ । गाजा सहरस्थित अल-रन्तिसी बाल अस्पतालमा स्वयंसेवकहरूले खेलकुद, चित्रकला, अनुहार रंगाउने तथा विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्दै बालबालिकालाई मानसिक राहत प्रदान गर्ने प्रयास गरेका हुन् ।

यो कार्यक्रम गाजावासीका लागि राहत कार्यमा संलग्न इजिप्टेली सहयोग समितिका मनोसामाजिक सहयोग तथा मनोरञ्जन टोलीद्वारा आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी बालबालिकाले खेल खेल्नुका साथै गीत, नृत्य र सिर्जनात्मक गतिविधिमार्फत केही समयका लागि रोग र युद्धको तनाव बिर्सने अवसर पाए ।

कार्यक्रममा जोकरको भूमिकामा रहेका स्वयंसेवक सुलेमान अबुदले युद्धका कारण गाजाका बालबालिकाले असाधारण कठिनाइ र त्रास भोग्नुपरेको बताए । उनका अनुसार यस्ता बालबालिकालाई उपचारमात्र नभई मानसिक र सामाजिक सहयोग पनि अत्यन्त आवश्यक छ । खेल्न, हाँस्न र आफ्ना भावना व्यक्त गर्न पाउनु उनीहरूको मानसिक स्वास्थ्यका लागि महत्त्वपूर्ण हुने उनले उल्लेख गरे ।

बालबालिकाका अभिभावकहरूले पनि यस पहलको प्रशंसा गरेका छन् । क्यान्सर उपचार गराइरहेका एक बालकका अभिभावक इहसान अब्दुल आलले यस्ता कार्यक्रमले बालबालिकालाई केही समयका लागि भए पनि अस्पताल, उपचार र रोगको वातावरणबाट टाढा लैजान मद्दत गर्ने बताए ।



युद्धका कारण विस्थापित राफिफ अबु ओदाले आफ्नी १२ वर्षीया छोरी समाहलाई महिनौंपछि यति धेरै खुसी देखेको बताए । समाहले स्वयंसेवकहरूसँग गीत गाउन र नाच्न पाउँदा आफू बिरामी भए पनि निकै रमाएको प्रतिक्रिया दिएका छन् ।

यो कार्यक्रम गाजामा बढ्दो मानसिक स्वास्थ्य संकटका बीच आयोजना गरिएको हो । दुई वर्षभन्दा लामो समयदेखि जारी द्वन्द्वका कारण त्यहाँका बालबालिका तथा सर्वसाधारण गम्भीर मानसिक तनावको सामना गरिरहेका छन् ।

गाजाको मानसिक स्वास्थ्य अस्पतालका निर्देशक अब्दुल्लाह अल-जमालले अवस्थालाई अत्यन्त गम्भीर र चिन्ताजनक बताएका छन् । उनका अनुसार द्वन्द्वका क्रममा गाजाको एकमात्र मानसिक स्वास्थ्य अस्पताल ध्वस्त भएको छ भने औषधि र विशेषज्ञ चिकित्सकको अभावले उपचार सेवा झन् कठिन बनेको छ । क्यान्सरबाट पीडित धेरै बालबालिकाले समयमै रोग पहिचान र उपचारसमेत पाउन नसकेको उनले जानकारी दिए ।

अस्पतालहरूमा भएको क्षति र अत्यावश्यक औषधिको अभावका कारण धेरै बालरोगीहरू किमोथेरापी, स्वास्थ्य परीक्षण तथा आधारभूत उपचार सेवाबाट वञ्चित भएका छन् । यसले सामान्य उपचारबाट निको हुन सक्ने अवस्थासमेत दुःखद परिणामतर्फ धकेलिरहेको बताइएको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार गाजामा ११ हजारभन्दा बढी क्यान्सरपीडित बिरामीलाई आवश्यक उपचार उपलब्ध गराउन अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ ।

विज्ञहरूका अनुसार यस्ता मनोरञ्जनात्मक गतिविधिले गाजाको समग्र मानवीय संकट समाधान गर्न नसके पनि बालबालिकामा देखिएको मानसिक तनाव कम गर्न र उनीहरूलाई केही समयका लागि राहत तथा आनन्दको अनुभूति गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । *रासस/सिन्ह्वा*

# इबोला प्रकोप व्यवस्थापनमा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता: डब्लुएचओ

**बुनिया–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस अधानोम गेब्रेयेससले डेमोक्रेटिक रिपब्लिक अफ कंगो र युगाण्डामा फैलिएको इबोला प्रकोपका कारण केही देशहरूले लगाएको यात्रा प्रतिबन्ध तथा सीमा बन्दी पुनर्विचार गर्न आग्रह गरेका छन् ।

कंगोको उत्तरपूर्वी इटुरी प्रान्तको राजधानी बुनियामा आयोजित संयुक्त पत्रकार सम्मेलनमा बोल्दै उनले यस्ता प्रतिबन्धहरूले रोग नियन्त्रण प्रयासलाई कठिन बनाउने मात्र होइन, पारदर्शिता र विश्वासलाई पनि कमजोर पार्न सक्ने बताए । उनले 'विश्वास र पारदर्शिता नै जीवन बचाउने आधार हुन्' भन्दै प्रतिबन्धहरू पुनः मूल्यांकन गर्नुपर्नेमा जोड दिए ।




विश्व स्वास्थ्य संगठन प्रमुखका अनुसार यद्यपि इबोलाका लागि पूर्णरूपमा मान्यता प्राप्त खोप वा विशेष औषधि सीमित भए पनि समयमै गुणस्तरीय उपचार उपलब्ध भए धेरै बिरामीहरू निको हुन सक्ने सम्भावना हुन्छ । उनको भनाइअनुसार उनको बुनिया भ्रमणको उद्देश्य प्रभावित समुदायसँग प्रत्यक्ष संवाद गर्नु पनि हो, जहाँ हालसम्म एक हजारभन्दा बढी शंकास्पद केसहरू रिपोर्ट गरिएका छन् ।

यसैबीच युगाण्डामा पनि नयाँ संक्रमणका कारण थप केसहरू पुष्टि भएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार राजधानी कम्पालामा दुई नयाँ संक्रमण फेला परेपछि कूल नौ पुष्टि भएका केसहरू रहेका छन् ।

कंगोका स्वास्थ्यमन्त्री रोजर काम्बाका अनुसार देशले आगामी चारदेखि छ महिनाभित्र प्रकोप नियन्त्रण गर्ने लक्ष्य राखेको छ । उनका अनुसार मुख्य प्राथमिकता इटुरी, उत्तर किभु र दक्षिण किभु गरी तीन प्रभावित प्रान्तमै संक्रमण सीमित गर्नु हो ।

उनले परीक्षण क्षमतामा सुधार भएको उल्लेख गर्दै अहिले प्रयोगशालामा कुनै परीक्षणको ढिलाइ नरहेको बताए । हाल करिब ९०० नमूना परीक्षण गरिएकोमा करिब दुई सय साठी सकारात्मक देखिएको र दैनिक २०० देखि ३०० नमूना परीक्षण गर्न सक्ने क्षमता रहेको जानकारी पनि दिएका छन् । *रासस/सिन्ह्वा*

# अमेरिकासँग आफ्नो अधिकार सुरक्षित नभएसम्म कुनै सम्झौता नगर्ने इरानको अडान

**तेहरान–** अमेरिकाले इरानलाई कडा शान्ति प्रस्ताव फिर्ता पठाएको रिपोर्टहरू बाहिर आएपछि इरानी वार्ता टोलीका प्रमुख वार्ताकारले आइतबार तेहरान संयुक्त राज्य अमेरिकासँग जस्तोसुकै सम्झौतामा पनि सहमत हुन नसक्ने बताएका छन् ।

प्रस्तावमा कुनै पनि परिवर्तनले मध्यपूर्व युद्धलाई औपचारिकरूपमा अन्त्य गर्ने र स्ट्रेट अफ हर्मुजको जलमार्गलाई पुनः खोल्ने सम्झौतालाई थप ढिलाइ गर्न सक्छ । न्युयोर्क टाइम्स र एक्सियोसले अमेरिकी स्रोतलाई उद्धृत गर्दै शनिबार लेखेका छन्, 'ट्रम्पले 'कडा' सर्तहरू साथ इरानलाई नयाँ ढाँचा फिर्ता पठाउनुभएको छ ।' यद्यपि विस्तृत विवरण खुलाइएको छैन ।



सरकारी टेलिभिजनमा प्रसारण गरिएको भिडियोमा मोहम्मद बाघर गालिबाफले भनेका छन्, 'इरानी जनताको अधिकार सुनिश्चित नभएसम्म हामी कुनै पनि सम्झौतालाई अनुमोदन गर्दैनौं ।'

ट्रम्पले आफ्ना प्राथमिकताहरूमा इरानलाई कुनै पनि आणविक हतियार विकासबाट रोक्ने र नाकाबन्दी गरिएको हर्मुजको जलमार्गलाई पुनः खोल्नुपर्ने रहेको बताएका छन् । 'मलाई इरानले एउटा सुनिश्चितता यो गरेको छ कि उनीहरूसँग यस्ता आणविक हतियार हुने छैनन् । उनीहरू यसमा सहमत भएका छन्, र यो धेरै अनौठो कुरा भएको छ,' उनले शनिबार राति फक्स न्युजको कार्यक्रममा प्रसारित एक अन्तर्वार्तामा भने ।

तेहरानले यसअघि ट्रम्पको भनाइमा शंका व्यक्त गर्दै आएको छ र दुई पक्षहरू मुख्य विवादका मुद्दाहरूबाट टाढा छन् । इरानले आफ्नो आणविक कार्यक्रमका बारेमा ठोस वार्तामा संलग्न हुनुअघि रोक्का गरिएको १२ अर्ब डलर बराबरको सम्पत्ति जारी गर्नुपर्ने बताएको छ ।

तेहरानले पनि जारी लडाइँको बाबजुद लेबनानलाई कुनै पनि सम्झौतामा समावेश गर्ने कुरालाई जोड दिएको छ । इजरायलले इरान समर्थित हेजबुल्लाहबिरूद्ध अभियान विस्तार गरेपछि बेरुतले उसलाई 'विनासको नीति' अवलम्बन गरेको आरोप लगाएको छ ।

यसअघि सम्झौता नजिकिँदै आएको संकेत दिएपछि ट्रम्पले फक्ससँगको अन्तर्वार्तामा नयाँ सैन्य कारबाही हुनसक्ने तर हतार नगरिने संकेत गरेका थिए । 'मलाई कुनै हतार छैन,' ट्रम्पले भने, 'यदि हामीले चाहेको कुरा पाएनौं भने, हामी फरक तरिकाले अन्त्य गर्नेछौं ।'

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रमुख पिट हेगसेथले शनिबार एसियामा भएको रक्षा सम्मेलनमा वासिङ्टन आवश्यक परेको खण्डमा युद्ध पुनः सुरु गर्न 'आवश्यकताभन्दा बढी सक्षम' रहेको बताएका थिए । गत अप्रिलमा तेहरान र वासिङ्टनले अस्थायी युद्धविराम गरेपछि र पाकिस्तानको मध्यस्थतामा वार्ता भएपछि इरान र खाडीमा दैनिक आक्रमणहरू रोकिए पनि छिटपुट लडाइँ जारी छ ।

यसैबीच, इरानको रिभोलुसनरी गार्डले आइतबार इरानको जलक्षेत्रमा प्रवेश गर्न लागेको अमेरिकी ड्रोन खसालेको जनाएको छ । यसै हप्ताको सुरुआतमा इरानको बन्दर अब्बासस्थित बन्दरगाहमा अमेरिकी सेनाले आक्रमण गरेपछि युद्धविरामपछिको सबैभन्दा खराब द्वन्द्व सुरु भएको थियो ।

जे होस्, कूटनीतिक नीतिले ट्रम्पलाई एक सम्झौता सुरक्षित गर्न दबाबमा राखेको छ जसले स्ट्रेट अफ हर्मुज वरपरको प्रतिस्पर्धात्मक अमेरिका र इरानको नाकाबन्दी हटाउने छ, जसले विश्वव्यापी तेल आपूर्तिका लागि महत्त्वपूर्ण मार्गको आवागमन रोकेको छ ।

ट्रम्पले कुनै पनि सम्झौताअन्तर्गत उक्त जलसन्धि भएर जान सक्ने पानीजहाजमा इरानले कुनै शुल्क नलिने बताएपछि इरानी समाचार एजेन्सी फार्सले स्रोतलाई उद्धृत गर्दै भनेको छ, 'त्यस्तो कुनै प्रावधान सम्भावना छैन ।'

इरानको समाचार संस्था (आइएसएनए)ले सांसद अलिरेजा सलिमीलाई उद्धृत गर्दै नियन्त्रित जलक्षेत्रमा इरानको व्यवस्थापन र सार्वभौमिकता कार्यान्वयन गर्ने योजना छिट्टै संसदमा पेस गरिने बताएको छ । *रासस/एएफपी*

# आर्थिक संकटबीच श्रीलंकाले इन्धनको मूल्य बढायो

**कोलम्बो–** श्रीलंकाले आइतबार पेट्रोल र डिजेलको मूल्य करिब छ प्रतिशतसम्म बढाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को आर्थिक सुधार योजनाअनुसार इन्धनको लागत अनुसार मूल्य समायोजन गर्ने र सरकारी अनुदान क्रमशः हटाउने उद्देश्यले यो निर्णय गरिएको हो ।

राज्य सञ्चालित इन्धन कम्पनीका अनुसार पेट्रोलको मूल्य ४१० रूपैयाँबाट बढेर ४३४ रूपैयाँप्रति लिटर पुगेको छ । त्यस्तै डिजेलको मूल्य ३९२ रूपैयाँबाट बढेर ४०७ रूपैयाँ प्रतिलिटर कायम गरिएको छ ।

यो मूल्यवृद्धि आइएमएफले श्रीलंकालाई दिइएको २.९ अर्ब डलरको राहत प्याकेजअन्तर्गत




६९५ लाख डलरको अर्को किस्ता जारी गरेको केही दिनपछि आएको हो । सन् २०२३ को सुरुमा सुरु भएको यो कार्यक्रमले आर्थिक संकटमा परेको देशलाई स्थिर बनाउने लक्ष्य राखेको छ ।

आइएमएफले श्रीलंकालाई इन्धन र विद्युत् दुवै क्षेत्रमा लागतअनुसार मूल्य समायोजन गर्न दबाब दिँदै आएको छ । सरकारले ऊर्जा क्षेत्रमा दिइँदै आएको अनुदान हटाउने प्रक्रिया अघि बढाउने बताएको छ । राष्ट्रपति अनुरा कुमार दिसानायकेले आइएमएफलाई पठाएको पत्रमा सेप्टेम्बर महिनासम्म इन्धन अनुदान पूर्णरूपमा हटाइने उल्लेख गरेका छन् ।

विश्लेषकहरूका अनुसार फेब्रुअरी २८ पछि मध्यपूर्वमा देखिएको तनावका कारण ऊर्जा आपूर्तिमा असर परेको छ, जसले श्रीलंकाको आयातमा निर्भर अर्थतन्त्रलाई थप दबाबमा पारेको छ । श्रीलंकाले आफ्नो सम्पूर्ण इन्धन आयात गर्छ र विद्युत् उत्पादनका लागि कोइलामा पनि निर्भर छ । सन् २०२२ मा देशले ४६ अर्ब डलर विदेशी ऋण तिर्न नसकेर आर्थिक डिफल्ट गरेको थियो । त्यसयता आइएमएफको सहयोगमा अर्थतन्त्र स्थिर बनाउने प्रयास जारी छ । *रासस/एएफपी*

# 'शेन्झोउ-२१' अभियान सफल, तीन अन्तरिक्षयात्री सकुशल पृथ्वीमा फिर्ता

**बेइजिङ–** चीनको 'शेन्झोउ-२१' अन्तरिक्ष अभियानमा सहभागी तीन अन्तरिक्षयात्री झाङ लु, वु फेई र झाङ होङझाङ २१० दिनको सफल अन्तरिक्ष बसाइ सम्पन्न गरी शनिबार सकुशल बेइजिङ आइपुगेका छन् ।

उनीहरू शुक्रबार साँझ सुरक्षितरूपमा पृथ्वीमा अवतरण गरेका थिए । अन्तरिक्षमा लामो समय बिताएर फर्किएका तीनै जना अन्तरिक्षयात्रीहरूको स्वास्थ्य अवस्था राम्रो रहेको चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमसम्बन्धी निकायले जनाएको छ । साथै, शेन्झोउ-२१ अन्तरिक्ष अभियान पूर्णरूपमा सफल भएको पनि पुष्टि गरिएको छ ।

अभियानका क्रममा उनीहरूले अन्तरिक्ष केन्द्रमा रहेर विभिन्न वैज्ञानिक अनुसन्धान, प्राविधिक परीक्षण तथा अन्तरिक्ष केन्द्रको नियमित सञ्चालनसँग सम्बन्धित महत्त्वपूर्ण जिम्मेवारीहरू सफलतापूर्वक निर्वाह गरेका थिए । २१० दिनको अन्तरिक्ष बसाइ चीनको अन्तरिक्ष अनुसन्धान तथा प्रविधि विकासका दृष्टिले महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

पृथ्वीमा फर्किएपछि उनीहरू केही समय चिकित्सकीय निगरानी तथा क्वारेन्टिनमा बस्ने छन् । यस अवधिमा विस्तृत स्वास्थ्य परीक्षण, शारीरिक अवस्था मूल्यांकन तथा आवश्यक पुनःस्थापना प्रक्रिया सञ्चालन गरिने जनाइएको छ । अन्तरिक्षमा लामो समय बिताउँदा शरीरमा पर्न सक्ने प्रभावहरूको अध्ययनसमेत यस क्रममा गरिने छ ।

सम्बन्धित निकायका अनुसार स्वास्थ्य परीक्षण र विश्राम अवधि सम्पन्न भएपछि उनीहरूले बेइजिङमा आयोजित पत्रकार सम्मेलनमार्फत आफ्नो अन्तरिक्ष यात्राका अनुभव तथा अभियानका उपलब्धिबारे जानकारी दिने छन् ।

शेन्झोउ-२१ अभियानको सफल समापनलाई चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ । यस सफलताले भविष्यका थप उन्नत अन्तरिक्ष अभियान तथा वैज्ञानिक अनुसन्धानका लागि महत्त्वपूर्ण आधार तयार गरेको विश्वास गरिएको छ । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१११०० | प्रति तोला – ० | प्रति तोला – ५३४५ |




**बञ्जीजम्प** | बागलुङ र पर्वत जिल्ला जोड्ने गरी कालीगण्डकी नदीको खोचमा निर्माण गरिएको साहसिक खेल बञ्जीजम्प गर्दै आन्तरिक पर्यटक। *तस्बिरः रासस*

# उपभोक्तालाई 'लट्री टिकट'बाटै लखपति बनाउने अर्थमन्त्रीको घोषणा

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उपभोक्तालाई 'लट्री टिकट'बाटै लखपति बनाउने बताएका छन्। बजेट सार्वजनिक भएको दुई दिनपछि आइतबार अर्थ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले मूल्य अभिवृद्धि करको बिललाई नै लट्री टिकट बनाउन लागिएको बताए। 'अब हरेक भ्याट बिल अटोमेटिक लट्री टिकट बन्दै छ, लट्री टिकटबाट हरेक दिन हामी केहीलाई लखपति बनाउँछौं,' उनले भने।

उक्त योजनामा विदेशबाट विप्रेषण पठाउने नेपालीलाई पनि सहभागी गराइने उनको भनाइ छ। सो व्यवस्थाअनुसार मूल्य अभिवृद्धिकरको बिलविजक लिने संस्कृतिलाई प्रोत्साहन गर्नुका साथै कर छली नियन्त्रण र राजस्व संकलनमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको उनले बताए।

उनले राजस्व संकलनको लक्ष्य पूरा गर्नका लागि उपभोगमा आधारित कर प्रणालीलाई प्राथमिकता दिइएको बताए। मध्यम वर्गलाई अत्यधिक करको भार नथोपरिएको स्पष्ट पार्दै अर्थमन्त्री वाग्लेले १० लाख रूपैयाँसम्मको वार्षिक आम्दानीमा एक प्रतिशत कर लाग्ने व्यवस्था गरिएको उल्लेख गरे।

अर्थमन्त्री वाग्लेले विद्युतीय पूर्वाधार निर्माणका लागि बिजुलीको महसुलमा सामान्य शुल्क लगाउन लागिएकोसमेत बताए। विद्युतीय पूर्वाधार निर्माणका लागिमात्रै आगामी आर्थिक वर्षका लागि ८५ अर्ब ५४ करोड रूपैयाँबराबरको बजेट विनियोजन गरिएको उल्लेख गर्दै उनले लगानीको स्रोत जुटाउनका लागि ५० युनिटभन्दा बढी विद्युत् उपभोग गर्नेलाई पाँच प्रतिशतबराबरको कर प्रस्ताव गरिएको बताए।

यस्तै, निजी विद्यालयमा अध्ययन गर्ने र निजी अस्पतालमा उपचार गर्नेका हकमा उठाउन लागिएको समता कोष सार्वजनिक पूर्वाधार विकास र दुर्गम क्षेत्रका विद्यार्थीको पोषणका लागि खर्च गरिने उनको भनाइ थियो। नियमित दायित्वका लागि नै ठूलो स्रोत विनियोजन गर्नुपर्ने बाध्यता रहेको उनले बताए। निर्माणका क्रममा रहेका पूर्वाधार सम्पन्न गर्न बजेटले जोड दिएको जानकारी दिँदै अर्थमन्त्री वाग्लेले आगामी आवमा १२ वटा प्रसारणलाइन र हुलाकी राजमार्ग पूरा हुने विश्वास व्यक्त गरे। बजेटमार्फत एआई तथा विद्युतीय पूर्वाधार निर्माणका लागि विशेष प्रबन्ध गरिएको र यो परियोजना रणनीतिक महत्त्वको रहेको अर्थमन्त्रीको भनाइ छ।

बजेटमा सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइएको र केही थप गरिएको जानकारी दिँदै अर्थमन्त्रीले गरिबी न्यूनीकरणका कार्यक्रम अगाडि बढाउँदै मध्यमवर्गमा स्तरोन्नति गर्न लागिएको बताए। सेयर कारोबारबाट प्राप्त हुने पुँजीगत लाभमा लाग्ने कर नै अन्तिम कर हुने उनले स्पष्ट पारे। सेयर लगानीकर्ताबीच करसम्बन्धी देखिएको अन्योल हटाउन सरकारले यस विषयमा स्पष्ट व्यवस्था गरेको उनको कथन छ।

'सेयर कारोबारबाहेक अन्य व्यवसाय वा आम्दानीका स्रोत भएका व्यक्तिले सम्बन्धित कारोबारअनुसार कर तिर्नुपर्ने भए पनि सेयर कारोबारबाट प्राप्त लाभमा भने पुँजीगत लाभकर नै अन्तिम कर हुनेछ,' उनले भने। करमाथि कर लाग्ने भन्ने कुरा नहुने स्पष्ट पार्दै उनले कार्यान्वयनका क्रममा कतै गल्ती भएको रहेछ भने सच्याउन तयार रहेको बताए।

अर्थमन्त्री वाग्लेले सरकारले प्रस्तुत गरेको बजेट कार्यान्वयनमा शंका नगर्न आग्रह गरे। उनले अहिले नै नतिजा खोज्नुभन्दा सरकारलाई 'शंकाको सुविधा' दिनसमेत आग्रह गरे। उनले भूकम्प अगाडि बजेटको आकार कूल गार्हस्थ उत्पादन (जिडिपी)को तुलनामा औसतमा २५ देखि २९ प्रतिशत बराबर नै रहे पनि गोरखा भूकम्पपछि हरेक वर्ष क्रमशः बढ्दै गएको स्पष्ट पारे। हरेक वर्ष बजेट सार्वजनिक भएपछि कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने द्विविधा हुने गरेको र बहस पनि हुने गरेको उल्लेख गर्दै उनले यसपटक सहजरूपमा कार्यान्वयन हुने दाबी गरे।

# बजेट कार्यान्वयन भए मुलुकको अर्थतन्त्रले गति लिने चेम्बरको विश्वास

■ प्रभाव संवाददाता

Nepal Chamber of Commerce

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन भए मुलुकको अर्थतन्त्रले गति लिने विश्वास व्यक्त गरेको छ। चेम्बर अफ कमर्सले आइतबार विज्ञप्ति जारी गर्दै बजेट केही महत्त्वाकांक्षी देखिए पनि यसको प्रभावकारी कार्यान्वयन हुन सके अर्थतन्त्रले गति लिने जनाएको हो।

चेम्बरले आयकरमा छुट र उद्योगलाई प्रोत्साहन दिने नीति बजेटको सकारात्मक पक्ष भएको बताएको छ। व्यक्तिगत आयकर छुटको सीमा १० लाख रूपैयाँ पुऱ्याइनु र अधिकतम दर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशतमा झारिनुलाई ठूलो उपलब्धिका रूपमा लिएको छ।

२७३ प्रकारका औद्योगिक कच्चापदार्थमा तयारी वस्तुभन्दा कम भन्सारदर कायम गर्ने र ३६० वस्तुको अन्तःशुल्क खारेज गर्ने निर्णयले उत्पादनमूलक उद्योगलाई राहत पुग्ने चेम्बरले उल्लेख गरेको छ। बजेटमा सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिँदै सेवा निर्यातमा ५० प्रतिशत कर छुट र नेपाललाई एआई युगमा प्रवेश गराउन एआई कम्प्युटिङ केन्द्र स्थापना गर्ने योजनालाई पनि सकारात्मकरूपमा लिइएको छ।

निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न अनुमति दिने र खराब कर्जा व्यवस्थापनका लागि राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने घोषणाको चेम्बरले प्रशंसा गरेको छ। सूचीकृत कम्पनीको धितोपत्र बिक्रीमा लाग्ने पुँजीगत लाभकरलाई अन्तिम करको रूपमा मान्यता दिनु र गैरआवासीय नेपालीलाई दोस्रो बजारमा प्रवेश गराउने घोषणाले सेयर बजारमा सकारात्मक प्रभाव पर्ने चेम्बरको ठहर छ।

बजेटमा केही सकारात्मक पक्ष हुँदाहुँदै पनि केही प्रावधानले निजी क्षेत्र र आमउपभोक्तालाई समस्यामा पार्ने चेम्बरले विज्ञप्तिमा उल्लेख गरेको छ। विशेषगरी निजी क्षेत्रबाट सञ्चालित शिक्षण तथा स्वास्थ्य संस्थाले प्रवाह गर्ने सेवामा तीन प्रतिशत कर लगाउने नीति प्रभावकारी कदम नभएको चेम्बरको भनाइ छ। मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्ताले बिलमा पाँच प्रतिशत मूल्य अभिवृद्धि कर तिर्नुपर्ने व्यवस्था र विद्युतीय सवारीसाधनमा थपिएको करले हरित ऊर्जाको अभियानलाई निरुत्साहित गर्ने चेम्बरको ठहर छ। सुन तथा चाँदीको भन्सार महसुल १० प्रतिशतबाट बढाएर २० प्रतिशत पुऱ्याइनु र पुँजीगत लाभकरको दर वृद्धि गरिनुले लगानीकर्ताको मनोबल कमजोर हुने चेम्बरले बताएको छ।

चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालले बजेटले लगानी प्रवर्द्धन, कर प्रणालीको सरलीकरण र औद्योगिक विकासमा योगदान पुऱ्याउने अपेक्षा व्यक्त गरे। 'यदि यी व्यवस्था दृढताका साथ कार्यान्वयन भएमा निजी क्षेत्रको मनोबल बढ्ने र समग्र आर्थिक गतिविधि विस्तार हुने छ,' उनले भने।

# बैंक तथा वित्तीय संस्था परिसंघले गऱ्यो बजेटको स्वागत

**काठमाडौं (प्रस)–** बैंक तथा वित्तीय संस्था परिसंघ नेपालले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको बजेटको स्वागत गरेको छ।

आइतबार एक विज्ञप्ति जारी गर्दै परिसंघले बजेटमार्फत आर्थिक पुनरुत्थान, निजी क्षेत्रको मनोबल अभिवृद्धि, लगानी प्रवर्द्धन तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणको दिशामा अघि सारिएका नीतिगत तथा संरचनागत सुधारका पहलको स्वागत गरेको हो।

बैंकिङ क्षेत्रबाट अपेक्षित कर्जा विस्तार हुन नसकेको अवस्था, बढ्दो खराब कर्जाको चुनौतीबाट प्रभावित हुँदै आएको अवस्थामा आगामी आर्थिक वर्षको बजेटले अर्थतन्त्र र आर्थिक गतिविधिलाई पुनः चलायमान बनाउने आशा र विश्वासको नयाँ आधार सिर्जना गरेको परिसंघको ठहर छ।

विशेषगरी कर प्रणालीमा गरिएको सुधार, उद्योग-व्यवसायलाई प्रदान गरिएका सहुलियत, 'डिजिटल' अर्थतन्त्रको प्रवर्द्धन, प्रविधि एवं पूर्वाधार विकासमा प्राथमिकता, ऊर्जा क्षेत्रको विकासमा जोड दिएकाले बजेटले लगानीमैत्री वातावरण सिर्जना गरेको विज्ञप्तिमा उल्लेख छ।

'आगामी आवको बजेटले निजी क्षेत्रलाई आर्थिक वृद्धिको प्रमुख साझेदार र संवाहकका रूपमा आत्मसात् गर्दै लगानी, उद्यमशीलता, नवप्रवर्तन तथा वित्तीय पहुँच विस्तारलाई प्राथमिकतामा राखेको स्पष्ट देखिन्छ,' परिसंघले भनेको छ।

व्यक्तिगत आयकरमा छुटको सीमामा वृद्धि, करको दरमा पुनरावलोकन, औद्योगिक कच्चापदार्थमा भन्सार सहजीकरण तथा वैकल्पिक वित्तीय उपकरणमार्फत पुँजी परिचालनका व्यवस्थाहरूले समग्र आर्थिक गतिविधिहरूमा सकारात्मक ऊर्जा सञ्चार गर्ने परिसंघले विश्वास गरेको छ।

**कर्पोरेट**

# ओमोडा 'इ-फाइभ प्रो' इभी कार नेपाली बजारमा

**काठमाडौं (प्रस)–** ओमोडाको नयाँ इभी कार 'इ-फाइभ प्रो' नेपाली नेपालमा सार्वजनिक गरिएको छ। ओमोडो एण्ड जाइकोको नेपालका लागि आधिकारिक वितरक एसपिजी अटोमोबाइल्सले आइतबार काठमाडौंमा उक्त इभी कार सार्वजनिक गरेको हो।

उक्त कार ओमोडो इ-फाइभको उत्कृष्ट सफलतालाई निरन्तरता दिँदै इ-फाइभ अझ उन्नत प्रविधि प्रिमियर फिचर र अत्याधुनिक ड्राइभिङ अनुभवसहित बजारमा आएको कम्पनीले जनाएको छ। 'नेपालमा लञ्च भएदेखि नै इ-फाइभ आफ्नो फ्युचरस्टिक डिजाइन उत्कृष्ट रेञ्ज उच्च ग्राउण्ड क्लियरेन्स र आधुनिक प्रविधिका कारण देशकै सबैभन्दा लोकप्रिय इलेक्ट्रिक एसयुभीमध्ये एक बन्न सफल भएको,' कम्पनीले भनेको छ, 'नयाँ इ-फाइभ प्रोले यसै विरासतलाई अझ सुदृढ बनाउँदै नयाँ डिजाइन स्मार्ट फिचर र आधुनिक नेपाली ग्राहकलाई लक्षित गरिएको छ।'



कम्पनीका अनुसार नयाँ ओमोडा इ-फाइभ प्रोमा ५०.७ किलोहर्ज ब्याट्री प्याक ९९ किलोवाट इलेक्ट्रिक मोटर र २८८ एनएम टर्क रहेको छ भने जसले ३५० किलोमिटर रेञ्ज प्रदान गर्दछ। साथै १९१ एमएम ग्राउण्ड क्लियरेन्सका कारण यो नेपालका विभिन्न सडकहरूमा उपयुक्त हुने कम्पनीले दाबी गरेको छ। साथै, सो कारमा ड्राइभर मसाज सिट, आठ सोनी स्पिकर हरूको इमर्सिभ अडियो सिस्टम र ठूलो १५.६ इन्च वाइडस्क्रिन इन्फोरटेन्टमेन्ट डिस्प्ले समावेश गरिएको छ।

नयाँ इ-फाइभ प्रोको आधिकारिक मूल्य सिंगल टोन भेरियन्टका लागि ५१ लाख ५९ हजार रूपैयाँ तथा डुवाल भेरियन्टका लागि ५१ लाख ९९ हजार रूपैयाँ निर्धारण गरिएको छ। सार्वजनिक भएको अवसरमा एसपिजी अटोमोबाइल्सले पहिलो ५० ग्राहकका लागि ४९ लाख ९९ हजार रूपैयाँको विशेष मूल्य र एक वर्षको निःशुल्क अटोप्लस इन्स्योरेन्स उपलब्ध गराउने घोषणासमेत गरेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ